# प्रभाव दैनिक
National Daily

वर्ष १०   अंक ३४६   काठमाडौं   आइतबार, २ वैशाख २०८१   Prabhab National Daily   Sunday, April 14, 2024   www.prabhabonline.com   पृष्ठ ८   मूल्य रू. ५।-



**श्रमिकको अधिकार सुनिश्चित गरौं**

- श्रम र श्रमिकको सम्मान गरौं।
- श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं।
- कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं।
- श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं।
- मर्यादित श्रमको प्रवर्द्धन गरौं।
- उद्योग प्रतिष्ठानमा सुरक्षित कार्यवातावरण सुनिश्चित गरौं।
- श्रमिक र रोजगारदाताबीच सौहाद्र्यपूर्ण सम्बन्ध कायम गरौं।
- श्रमिकको योगदानको कदर गरौं।

**'श्रमको सम्मान, राष्ट्रको अभियान'**
अन्तराष्ट्रिय श्रमिक दिवस भव्य रुपमा मनाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




चित्रकलाको माध्यमबाट सुन्दरता अभिवृद्धि गर्ने अभियानअन्तर्गत काठमाडौं महानगरपालिकाले सुन्धाराको सार्वजनिक स्थानका पर्खालमा गरेको कलात्मक चित्र लेखन । महानगरले ललित कला प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा चित्र लेखनको काम थालेको हो । *तस्बिर सौजन्य: कामपा*

# फेरि अध्यादेशको बाटोमा सरकार



- आज राति १२ बजेपछि संसद्को चालु अधिवेशन अन्त्य गर्न सिफारिस
- गृहमन्त्रीलाई जोगाउन अधिवेशन अन्त्य गर्न लागेको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको आरोप
- सत्तापक्षको तर्कः बजेट अधिवेशनको तयारीका लागि चालु अधिवेशन अन्त्य
- अध्यादेशमार्फत विभिन्न कानुन ल्याउने सरकारको रणनीति
- अध्यादेशमार्फत शासन चलाउनु अप्रजातान्त्रिक

■ **जेबी योञ्जन**

**काठमाडौं–** गृहमन्त्री रवि लामिछाने मुछिएको सहकारी ठगी प्रकरणको अनुसन्धान गर्न संसदीय छानबिन समिति गठन माग गरेर विपक्षी दल कांग्रेसले संसद् अवरोध जारी राखेपछि सरकारले संसद्को चालु अधिवेशन नै अन्त्य गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्बाट निर्णय गरी शुक्रबार नै सरकारले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष संसद्को चालु अधिवेशन अन्त्यका लागि सिफारिस गरेको छ । सिफारिसअनुसार आज राति १२ बजेदेखि लागू हुने गरी राष्ट्रपतिले अधिवेशन अन्त्य गर्ने तयारी गरेका छन् ।

सरकारको उक्त निर्णयबाट कांग्रेस रुष्ट बनेको छ । कांग्रेस संसदीय दलकी सचेतक सुशीला थिङले गृहमन्त्री लामिछानेलाई जोगाउन सरकारले संसद् छलेको बताइन् । संसदीय प्रजातन्त्रमा सरकारको यस्तो कार्य अप्रजातान्त्रिक भएको उनको टिप्पणी छ ।

'विभिन्न सहकारीका हजारौं बचतकर्ताको अनधिकृतरूपमा अर्बौं रूपैयाँ बचत गृहमन्त्री स्वयं हिजो प्रबन्ध निर्देशक रहेको गोरखा मिडिया नेटवर्कले अपचलन प्रमाण नै गरेको छ,' उनले प्रभावसँग भनिन्, 'त्यही भएर गृहमन्त्रीमाथि नै छानबिन आवश्यक छ  तर सरकारले अप्रजातान्त्रिक कार्यशैली देखाएर अधिवेशन अन्त्य गर्न खोज्नु ठीक होइन ।'

> गृहमन्त्रीमाथि नै छानबिन आवश्यक छ तर सरकारले अप्रजातान्त्रिक कार्यशैली देखाएर अधिवेशन अन्त्य गर्न लाग्नु ठीक होइन ।
>
> ■ **सुशीला थिङ**
> **सचेतक, नेपाली कांग्रेस**

> १५ जेठमा त बजेट ल्याइसक्नुपर्छ । त्यसले गर्दा बजेट अधिवेशनको तयारीमा जुट्नुपर्ने भएको छ । विपक्षीको प्रश्न छल्न भनेर सरकारले अधिवेशन अन्त्य गर्न लाग्यो भनेर बुझ्नु हुँदैन ।
>
> ■ **रूपासोसी चौधरी**
> **सचेतक, माओवादी केन्द्र**

सरकारले संसद् अधिवेशन अन्त्य गर्न लागेपछि असन्तुष्ट कांग्रेस सभापति शेरबहादुर देउवाले संसदीय दलको बैठक बेलाएका छन् । सचेतक थिङका अनुसार बानेश्वरस्थित संसद् भवनको ल्होत्से हलमा बैठक आज (आइतबार) बिहान ७ बजे संसदीय दल कार्यसमितिको बैठक बस्ने भएको छ । लगत्तै दलको बैठक बस्ने छ ।

गृहमन्त्री लामिछाने पोखराको सूर्यदर्शनसहित, बुटवल, चितवनलगायत विभिन्न जिल्लाका सहकारीको रकम आफू प्रबन्ध निर्देशक र गितेन्द्रबाबु राई (जिबी) अध्यक्ष भएको तत्कालीन (क्रमशः पृष्ठ २ मा)

# विदेशिए भलिबलका चम्किला रवि



राष्ट्रिय टिमबाट देशका लागि खेल्ने ठूलो सपना थियो, तर पूरा हुन सकेन । 'क्लोज क्याम्प'मा परेर पनि छनोटमा परिनँ । नेपाल भलिबल संघले नयाँ खेलाडीलाई पनि स्थान दिनुपर्छ । ■ **रवि केसी**

■ **रामबहादुर थापा**

**गण्डकी–** नेपाल भलिबल संघद्वारा गत चैत पहिलो साता काठमाडौंमा आयोजित आठौं 'एनभिए भलिबल च्याम्पिएनसिप'का तीन स्पर्धामा रवि केसी उत्कृष्ट खेलाडी घोषित भएका थिए । गण्डकी प्रदेश टिमबाट खेलेका रविका लागि सम्भवतः उक्त प्रतियोगिता नै उनको भलिबल करिअरको अन्तिम प्रतियोगिता हुने छ ।

भलिबलका उदीयमान प्रतिभा रवि टिम र देशका लागि उत्कृष्ट खेल्दाखेल्दै भलिबलबाट हात धुन विवश बनेका छन् । देशभित्रका कैयन प्रतियोगितादेखि गत वर्ष बंगलादेशमा भएको 'बंगबन्धु एसियन यु–२३ सेन्ट्रल एसियन जोन अन्तर्राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता'मा राष्ट्रिय टिमबाट खेलेका उनी केही दिनअघि रोजगारीका लागि जापान पुगेका हुन् ।

तीन वर्षअघि 'एनभिए भलिबल च्याम्पिएनसिप' खेल्दै राष्ट्रियस्तरको प्रतियोगितामा डेब्यु गरेका प्रभावशाली ओपन स्पाइकर रविले भलिबल करिअरलाई बिट मार्दै विदेशिएका हुन् । राष्ट्रिय टिमबाट भलिबल खेल्ने सपना पूरा नभएपछि भविष्य सोचेर नयाँ बाटो तय गरेको उनले सुनाए ।

'भलिबलमा राम्रै भइरहेको थियो, प्रतियोगिता पनि खेलिरहेको थिएँ,' २४ वर्षीय रविले भने, 'राष्ट्रिय टिमबाट खेल्न पाएको भए अझै केही वर्षसम्म भलिबल खेलिन्थ्यो होला, त्यो अवस्था नभएपछि भविष्य सोचेर विदेश जाने निर्णय लिएँ ।'

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# जापान रोजगारीमा भाषा परीक्षाले अप्ठ्यारो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भाषा परीक्षाका कारण नेपालबाट जापानमा रोजगारीमा जाने प्रशिक्षार्थी कामदारहरू समस्यामा परेका छन् । 'जापान इन्टरनेसनल ट्रेनिङ कोअपरेसन अर्गनाइजेसन (जिट्को) कार्यक्रमअन्तर्गत नेपालीलाई प्रशिक्षार्थी कामदारको रूपमा जापानले लैजाँदै आएको छ । तर, भाषा परीक्षाकै कारण प्रभावकारी बन्न नसकेको पाइएको हो ।

公益財団法人 国際人材協力機構
JITCO
Japan International Trainee & Skilled Worker Cooperation Organization

प्रशिक्षार्थी कामदारहरूको भाषा परीक्षाको जिम्मा पाएको नेपाल जाइका एलुमनाई एसोसिएसन (जान)ले समयमै परीक्षा सञ्चालन र नतिजा प्रकाशन नगर्दा जापानबाट भिसा प्राप्त भए पनि अड्किनुपर्ने अवस्था रहेको सरोकारवालाले बताएका छन् । जापान जान भाषा परीक्षाको प्रमाणपत्र अनिवार्य नभए पनि वैदेशिक रोजगार विभागले विनाप्रमाणपत्र श्रम स्वीकृति नदिनाले पनि प्रशिक्षार्थी कामदार प्रभावित बनेका छन् । केही दिनअघि विभागमा भेटिएका काभ्रेका एक युवाले आफूलाई जापान जानका लागि भिसा आइसके पनि भाषा परीक्षाको कारण देखाई श्रम स्वीकृति नपाएको बताए । उनले आफूजस्तै केही साथीहरू गुनासो तथा थप प्रक्रियाका लागि विभाग आएको बताए । भाषा परीक्षा दिए पनि नतिजा ढिला आउने भएपछि समस्या भइरहेको उनको भनाइ छ ।

जापान जाने प्रशिक्षार्थी कामदारहरूको जापानी भाषा तथा संस्कृतिसम्बन्धी परीक्षा लिने जिम्मा पाएको जानको कुनै आवश्यकता नभएको वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी बताउँछन् । 'यो 'जान' भन्ने संस्थाको कुनै आवश्यकता नै छैन,' उनले भने, 'जानकै कारण थुप्रै युवाले जापानको रोजगारी गुमाएका छन्, यसलाई खारेज गरे पनि फरक पर्दैन ।' जापानी रोजगारदाताले स्वीकृत गरी पठाएको कामदारको भिसासमेत आइसकेको अवस्थामा नेपालमा भाषा परीक्षाका नाममा अलमल्याउनुले राम्रो सन्देश नजाने भण्डारीको भनाइ छ ।

यद्यपि नेपाल सरकार र जिट्कोबीच भएको सम्झौताअनुसार तयार गरिएको जिट्कोसम्बन्धी निर्देशिकाले जापान जाने प्रशिक्षार्थी कामदारले २१९ घण्टा जापानी भाषा तथा संस्कृतिको कक्षा लिनुपर्ने व्यवस्था गरेको छ । सोहीबमोजिमको प्रक्रिया पूरा गरेपछि मात्रै म्यानपावर कम्पनीले श्रम स्वीकृतिका लागि आवेदन दिन सक्ने विभागले जनाएको छ । पछिल्लो समय जिट्कोमा केही समस्या रहेको भन्दै गुनासो आइरहेकाले त्यसको समाधानका लागि विभागले काम गरिरहेको महानिर्देशक डण्डुराज घिमिरेले बताए ।

(क्रमशः पृष्ठ २ मा)

# रसिया र युक्रेनका लागि श्रम स्वीकृति बन्द

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले युद्धग्रस्त मुलुक रसिया र युक्रेनमा जाने नेपालीहरूलाई सबै प्रकारका श्रम स्वीकृति दिन बन्द गर्ने निर्णय गरेको छ । द्वन्द्वरत ती मुलुकमा जान चाहने नेपाली कामदारहरूलाई श्रम स्वीकृति प्रदान गर्दा ती देशका सेनामा सहभागी हुन सक्ने सम्भावना रहेकाले मानवीय जोखिमका दृष्टिकोणले हाललाई सबै प्रकारका श्रम स्वीकृति दिन बन्द गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले शुक्रबार एक विज्ञप्ति जारी गर्दै मानवीय जोखिमसमेतलाई दृष्टिगत गर्दै अर्को व्यवस्था नभएसम्म रसिया र युक्रेन जाने नेपाली कामदारलाई पुनः श्रम स्वीकृति, व्यक्तिगत तथा संस्थागत श्रम स्वीकृति दिने कार्य स्थगन गरिएको उल्लेख गरेको छ । द्वन्द्वरत मुलुकमा जान चाहने नेपालीलाई श्रम स्वीकृति दिइरहेको भन्दै सरकारको चौतर्फी आलोचना हुँदै आएको थियो । यद्यपि व्यक्तिगत श्रम स्वीकृतिमा रसिया जान यसअघि नै बन्देज थियो भने युक्रेनका लागि कुनै पनि किसिमका श्रम स्वीकृति नदिइएको वैदेशिक रोजगार विभागले प्रस्ट पारेको छ । सरकारले रुसमा पुगेर नेपालीहरू रुसी सेनामा भर्ना भइरहेको भन्दै गत पुस १९ गते रुस र युक्रेन लागि दिइने सबैखाले श्रम स्वीकृतिमा अनिश्चितकालीन बन्देज लगाएको थियो । तर त्यसको झण्डै दुई महिनापछि अर्थात् फागुन दोस्रो हप्ताबाट तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारीको निर्देशनमा सचिवस्तरीय निर्णयबाट पुनः श्रम स्वीकृति र संस्थागत श्रम स्वीकृति दिन थालिएको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए ।

(क्रमशः पृष्ठ २ मा)


जनहितमा जारी सन्देश




प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### फेरि अध्यादेशको...

गोरखा मिडिया नेटवर्कको नाममा अपचलन गरेको काण्डमा मुछिएका छन् । जीबी भने फरार छन् । उनी मलेसियामा रहेको बताइएको छ । यता लामिछाने चाहिँ गृहमन्त्री छन् । जबकि, सहकारी ठगी प्रकरणमा लामिछानेलाई पनि विपक्षी बनाएर पोखरामा पीडितहरूले उजुरी दिएका छन् । गृहमन्त्री लामिछानेले आफूविरुद्ध 'एउटा चिर्कटो' परेको टिप्पणी गर्दै आएका छन् । त्यस्तो चिर्कटो जो कोहीमाथि पर्न सक्ने र त्यसका लागि छानबिन समिति गठन गर्दै जाने हो भने संसदीय प्रणालीमाथि नै प्रश्न उठ्ने भन्दै तर्किने खालका जवाफ दिइरहेका छन् । सत्तारूढ दलहरूले पनि उनलाई जोगाउन हरसम्भव प्रयास गरिरहेका छन् । यद्यपि, सरकारलाई कांग्रेसको दबाब थेगिनसक्नु छ ।

तर, प्रधानमन्त्री पुष्पकमल दाहाल अध्यक्ष रहेको नेकपा माओवादी केन्द्रकी सचेतक रूपासोसी चौधरीले भने बजेट अधिवेशनको तयारी गर्नुपर्ने भएकोले विधेयक अधिवेशन अन्त्य गर्न आवश्यक रहेको बताएकी छन् । '१५ जेठमा त बजेट ल्याइसक्नुपर्छ । त्यसले गर्दा बजेट अधिवेशनको तयारीमा जुट्नुपर्ने भएको छ,' उनले भनिन्, 'विपक्षीको प्रश्न छल्न भनेर सरकारले अधिवेशन अन्त्य गर्न लाग्यो भनेर बुझ्नु हुँदैन ।'

गत २४ फागुनदेखि कांग्रेसले बारम्बार गृहमन्त्री लामिछानेलाई सहकारी ठगी प्रकरणको छानबिनको दायरामा ल्याउन संसदीय समिति गठनको 'बटमलाइन' बनाएको छ । संसद् बैठक सञ्चालनमा अवरोध पुऱ्याउँदै आएको छ । तर गृहमन्त्री लामिछाने समिति गठनमा तयार छैनन् । सत्तारूढ दलहरू नेकपा एमाले र नेकपा माओवाद केन्द्रसमिति संसदीय छानबिन समिति गठन औचित्यपूर्ण नभएको तर्क गरिरहेका छन् ।

र, अब बजेट अधिवेशन कम्तीमा १५ दिनपछि आह्वान हुने भएको छ । सरकारले संसद् अधिवेशन नभएको यही १५ दिनमा अध्यादेश ल्याउने तयारी गरेको छ । यसलाई संकेत गर्दै सरकारकी प्रवक्ता तथा सञ्चारमन्त्री रेखा शर्माले संसद् अधिवेशन नचलेको अवस्थामा अति आवश्यक अध्यादेश ल्याउन सकिने संवैधानिक प्रावधान भएको बताएकी छन् ।

'संसद् नचलेको अवस्थामा आवश्यक अध्यादेश ल्याउन सकिन्छ,' उनले शुक्रबार मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा भनेकी भनिन् । संसद् बैठक अन्त्यअघि भने आज संसद् बैठक बस्दै छ । संसद्का महासचिव पदमप्रसाद पाण्डेयका अनुसार आजको संसद् बैठकमा मन्त्रीहरूसँग सांसदहरूको प्रश्नोत्तर हुने छ । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सभापति अम्बरबहादुर थापाले सुरक्षण मुद्रणसम्बन्धी विधेयकसम्बन्धी समितिको प्रतिवेदन-२०८० संसद्मा प्रस्तुत गर्ने सम्भावित कार्यसूची छ ।

प्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पाँचौं वार्षिक प्रतिवेदन पेस गर्ने छन् । शिक्षामन्त्री सुमना श्रेष्ठले राष्ट्रिय सभामा उत्पति भएको सहिद दशरथचन्द स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, २०८० माथि विचार गरियोस् भन्ने प्रस्ताव र उद्योगमन्त्री दामोदर भण्डारीले विद्युतीय व्यापारसम्बन्धी विधेयक, २०८० तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले संघीय निजामती विधेयक प्रस्तुत गर्ने सम्भावित कार्यसूची छ ।

कार्यसूचीमा संसद् बैठकमा १० वा त्यसभन्दा बढी अनुपस्थित सांसदको नाम सार्वजनिक गरिने पनि उल्लेख छ । प्रतिनिधिसभा नियमावली २०७९ को नियम २१३ को उपनियमअनुसार सभामुख देवराज घिमिरेले नाम सार्वजनिक गर्ने भएका हुन् ।

■■■

### विदेशिए भलिबलका ...

उनले राष्ट्रिय टिममा पर्न सके पुनः भलिबलमा फर्कने सोच बनाएको बताए । 'केही महिनामा राष्ट्रिय टिमको छनोट हुन्छ, हेरौं खेलाडीको सूची कसरी आउँछ,' रविले भने । गत वर्ष भलिबलको 'क्लोज क्याम्प'मा परे पनि उनी राष्ट्रिय टिममा छनोट हुनसकेका थिएनन् । छोटो अवधिमै भलिबलमा चम्मेका रवि फेरि कोर्टमा फर्केलान्/नफर्केलान् तर खेलप्रेमीले भने उनलाई पछिसम्म सम्झने छन् ।

बागलुङको गलकोट नगरपालिका-७ मल्ममा जन्मेका रवि कुनै औपचारिक प्रशिक्षणबिनै भलिबलमा उदाएका प्रतिभा हुन् । चौध-पन्ध्र वर्षको उमेरदेखि गाउँका कुनाकन्दरामा भलिबल खेल्दै, सिक्दै अगाडि बढेका रविले देशको जर्सीमा अन्तर्राष्ट्रिय प्रतियोगितासमेत खेल्न भ्याए । गाउँठाउँमा लोकप्रिय पनि रहेको र सानैदेखि अरूले खलेको देख्दा भलिबलतिर रुचि जागेको उनले सुनाए ।

दुई वर्षअघि बंगलादेशको राजधानी ढाकामा भएको 'बंगबन्धु एसियन यु-२३ सेन्ट्रल एसियन जोन अन्तर्राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता'का खेल्न पाउनुलाई उनी करिअरकै महत्त्वपूर्ण अवसरका रूपमा सम्झन्छन् । त्यो उनले देशका लागि खेलेको एकमात्र प्रतियोगिता हो । अन्य प्रतियोगिताका सिलसिलामा भने रवि मलेसिया र हङकङ पनि पुगेका थिए । 'राष्ट्रिय टिमबाट देशका लागि खेल्ने ठूलो सपना थियो, तर पूरा हुन सकेन, क्लोज क्याम्पमा परेर पनि छनोटमा परिनँ,' उनले भने, 'नेपाल भलिबल संघले नयाँ खेलाडीलाई पनि स्थान दिनुपर्छ ।'

रविले नेपालमा हुने राष्ट्रियस्तरका प्रतियोगितामा राम्रो प्रदर्शन गर्दै आएका थिए । अधिकांश खेलमा उनी उत्कृष्ट खेलाडी घोषित हुन्थे । गत वर्ष पोखरामा भएको तेस्रो संस्करणको टाइगर कपमा सर्वोत्कृष्ट खेलाडीका रूपमा उनले २५ हजार रूपैयाँ र ट्रफी हात पारेका थिए । त्यसयताका प्रतियोगितामा पनि उनले सफलता जारी राखे ।

यसै वर्ष वीरगञ्ज स्मृति कप, लामाचौर कप र प्रदेशी हातेमालो सोसाइटीले हङकङमा आयोजना गरेको प्रतियोगितामा पनि उनी उत्कृष्ट खेलाडी घोषित भएका थिए । रविले हालै सुर्खेतमा भएको ३४औं राष्ट्रिय भलिबल प्रतियोगिता र पोखरामा आयोजित चौथो टाइगर कपमा गण्डकी प्रदेश टिमबाट खेलेका थिए । उनले गलकोट भलिबल टिमबाट पनि दर्जनौं प्रतियोगिता खेल्दै टिमलाई जित दिलाएका थिए ।

गण्डकी प्रदेश भलिबल टिमका प्रशिक्षक रमेश केसीले हरेक प्रतियोगितामा रविले उत्कृष्ट प्रदर्शन गर्ने गरेको स्मरण गरे । उमेरले जुनियर खेलाडी भए पनि उचाइ र जम्पले केसीलाई साथ दिएको उनको भनाइ छ । 'विपक्षी खेलाडीभन्दा धेरै माथिबाट रविले शक्तिबाली स्पाइक गर्न सक्छन्, उनको बलियो पक्ष भनेको हाइट र जम्प गर्न सक्ने क्षमता हो,' केसीले भने । रवि राष्ट्रिय टिममा पर्न योग्य खेलाडी रहेको उनको भनाइ छ ।

छोटो समयमै रविले भलिबलमा आफूलाई प्रमाणित गरेका थिए । व्यावसायिक सुरक्षा र अवसरको सुनिश्चितता भए भलिबलमै समर्पित भएर लाग्ने बताउँदै आएका रविले बाध्यतावश बाटो मोड्नु परेको सुनाए । 'नेपालको अवस्था पनि यस्तै छ, खेलाडीको भविष्य सुरक्षित छैन, बाध्यता र भविष्य हेरेर मैले बिदेसिनुपरेको हो,' उनले भने ।

अवसर पाएमा जापानमा पनि भलिबललाई निरन्तरता दिने सोचमा उनी छन् । खेल कौशल सँगसँगै अनुशासनमा पनि उनी अब्बल मानिन्छन् । भलिबलमा चम्किएका रविको बर्हिगमनलाई लिएर खेलप्रेमी भने चिन्तित छन् । उनीहरूले उदाउँदो खेल प्रतिभालाई राज्यले चिन्न नसकेको टिप्पणी गरेका छन् ।

खेल टिप्पणीकार हेमराज हमालले उत्कृष्ट स्पाइकर रविलाई देशमा टिकाउन नसकिएकामा दुःख व्यक्त गरे । 'रवि नेपालकै लागि लामो समय उत्कृष्ट स्पाइकर बन्न सक्थे, विडम्बना राम्रा खेलाडी प्रतिभाहरू नै विदेश पलायन हुनुपर्ने अवस्था छ,' उनले भने ।

जिल्ला भलिबल संघ, बागलुङका अध्यक्ष योगेश भण्डारीले रवि नेपाली भलिबलको प्रतिभावान खेलाडी रहेको बताए । भलिबलमा करिअर बनाएका धेरै नेपाली खेलाडीहरू विदेश पलायन भइरहेको उनको भनाइ छ ।

'विभागीय टिममा पर्न सके खेलाडीलाई राम्रै छ, नत्र केही समय खेलेर बीचमै छोड्नुपर्ने अवस्था छ,' उनले भने 'राज्यका निकायले पनि खेलाडी संरक्षणको नीति र योजना ल्याउन सकेका छैनन् ।' राज्यले मात्रै सबै खेलाडीको व्यावसायिक सुरक्षाको सुनिश्चितता गर्न नसक्ने हुँदा कर्पोरेट क्षेत्रले पनि लगानी बढाउनुपर्ने अध्यक्ष भण्डारीले बताए । *रासस*

■■■

### जापान रोजगारीमा...

'विशेष सीप भएकाहरूलाई एउटा विधिमार्फत पठाउने र इन्टर्नको रूपमा जानेलाई अर्को विधि अपनाउने गरी जापानसँग सम्झौता गरिएको छ,' उनले भने, 'यसको अध्ययन भइरहेको छ, जापानमा कामदार पठाउने सन्दर्भमा श्रम मन्त्रालयले पनि कार्यदल बनाएर काम गरिरहेको छ, केही समयपछि परिणाम आउला, सोहीअनुसार काम अघि बढ्छ ।' जिट्कोमा सूचीकृत भएका म्यानपावर कम्पनीहरूलाई मात्र जापानमा प्रशिक्षार्थी कामदार पठाउन पाउने अनुमति छ । सोहीअनुरूप म्यानपावरले जापानका विभिन्न कम्पनीबाट प्रशिक्षार्थी कामदारको माग ल्याउने र भाषा परीक्षामा सहभागी गराउने कार्य गर्दै आएका छन् ।

■■■

### रसिया र युक्रेनका...

'विभागले रुस वा युक्रेन जान चाहने नेपालीलाई व्यक्तिगत श्रम स्वीकृति दिएकै छैन,' उनले भने, 'रुसमा संस्थागत (म्यानपावर) मार्फत जाने र पुनः श्रम स्वीकृति लिनेलाई सहजीकरण गरिए पनि मन्त्रालयको निर्णयअनुसार अब सबै प्रकारण श्रम स्वीकृतिमा बन्देज लगाइएको छ ।'

श्रममन्त्री डोलप्रसाद अर्यालले केही समयअघि रोजगारीको प्रलोभनमामा परी जोखिमयुक्त मुलुकमा नजान नेपाली युवालाई आग्रह गरेका थिए । यसका अलावा पहिले नै श्रम स्वीकृति लिएर गएका नेपाली नागरिकको उद्धारमा आनो मन्त्रालयले जिम्मेवार हुने र श्रम स्वीकृति नलिई गएका नागरिकको हकमा परराष्ट्र मन्त्रालयले समन्वय गर्नुपर्ने बताएका थिए । यसअघि रोजगारी तथा पेसा व्यवसायका लागि भन्दै रसिया जान नेपाली नागरिकलाई दिइएको संस्थागत तथा पुनः श्रम स्वीकृति रोक्नुपर्ने माग गर्दै प्रतिनिधिसभामासमेत सांसदहरूले आवाज उठाएका थिए ।


## सेफवे वचत तथा ऋण सहकारी संस्था लिमिटेड

**सेफवे भवन, पुरानो बानेश्वर, काठमाडौं**
**फोन नं. ४५९९३९२, ४५९७९८७**

### सेफवे वचत तथा ऋण सहकारी संस्था लिमिटेडको कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना

**मिति २०८१/०१/०२ गते ।**

यस सहकारी संस्थासंग तपसिल बमोजिमका ऋणी सदस्यहरूले लिएको कर्जाको साँवा ब्याजको रकम शर्त बमोजिम बुझाउन पर्नेमा संस्थाले पटक पटक मौखिक एवम् लिखित रूपमा तरताकेता गर्दा गराउदा पनि कर्जाको साँवा ब्याज नबुझाई शर्त उल्लंघन गर्नुका साथै संस्थाको कर्जा भुक्तानी गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले आफूले लिएको कर्जा रकम चुक्ता फछ्र्यौट गरिदिन तपाईहरू ऋणीलाई यसै मार्फत ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थामा सम्पर्क राखी लिएको कर्जाको सम्पूर्ण साँवा ब्याज तथा अन्य दैदस्तुर चुक्ता गर्न आउनु होला अन्यथा सहकारी ऐन, नियमावली, यस संस्थाको बिनियम तथा ऋण निती एवम् तपाईहरू तथा यस संस्थाबिच भएको लिखत बमोजिम तपाईहरूले धितो सुरक्षण वापत राख्नु भएको तपसिलका धितो जमानी कुनै राष्ट्रिय दैनिक पत्रिकामा एक पटक ३५ दिने सूचना प्रकाशित गरी लिलाम गरी वा लिलामबाट कसैले सकार नगरे संस्थाले कुनै पनि समयमा आफ्नो स्वामित्वमा लिई नामसारी गरी गराई आफ्नो लेना रकम असुलउपर गरिलिने ब्यहोरा सम्बन्धितहरूलाई जानकारी गराइन्छ । तसर्थ यसैलाई अन्तिम सूचना मानी सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ऋणीको विवरण | ऋणी | धितोको विवरण र साक्षी |
|---|---|---|---|
| १. | श्री चन्द्र बहादुर थापा मगरको बुहारी श्री ओम बहादुर थापा मगरको श्रीमती दारेचोक मुग्लिन वडा नं.४ बस्ने वर्ष ६६ को **श्री कनमाया थापा मगर** |  | दारेचोक चितवन वडा नं.३/ट/१ स्थित कि.नं. ६५३ को क्षेत्रफल ०-०-३ १/४ जग्गा **साक्षी** :- १) का.जि. भद्रबास वडा नं.५ बस्ने वर्ष ४२ को साधुराम कुइकेल २) गोरखा जिल्ला भुम्लीचोक वडा नं. ५ बस्ने वर्ष ४८ को **ओम बहादुर थापा मगर** ३) गोरखा जिल्ला भुम्लीचोक वडा नं. ५ बस्ने वर्ष २७ को **रबिकुमार थापा मगर** |
| २. | श्री डम्बर बहादुर खड्काको नाती श्री चन्द्र बहादुर खड्काको छोरा, राममाया खड्काको पति काठमाडौं जिल्ला नागार्जुन न.पा.वडा नं.४ बस्ने वर्ष ५६ को **श्री लाल बहादुर खड्का** |  | नवलपरासी जि. मनरी, वडा नं.२ स्थित कि.नं.७१ को ८८०.३२ र कि.नं.३५५ को १५७४.४१ व.मि. जग्गा । र नवलपरासी जि. दाउन्नेदेवी, वडा नं.४ स्थित कि.नं. १४४ को ५६७१.२७ व.मि. जग्गा । **साक्षी :-** धादिङ जि. गजुरी ४ बस्ने वर्ष ५० को **भिष्मराज पाण्डे** |
| ३. | श्री तेज बहादुरसिहंको नाति श्री खड्क बहादुर सिहंको छोरा काठमाडौं जिल्ला का.म.पा वडा नं. ६ बस्ने वर्ष ५५ को **श्री प्रदिप बहादुर सिहं** |  | नवलपरासी, मनरी वडा नं.१ (क) स्थित कि.नं.६२६ को क्षे.फ.०-९-१७-० जग्गा **साक्षी :-** १) सिरहा वडा नं. १ बस्ने वर्ष ४५ को **दिप्ती कार्की** २) का.म.न.पा वडा नं. ७ बस्ने वर्ष ४१ को **गिता राणा** |
| ४. | श्री कामसिं तामाङको नातिनी श्री मान बहादुरको छोरी काभ्रेपलाञ्चोक जिल्ला पोखरी नारायण स्थान वडा नं.७( हाल का.म.न.पा ६ बौद्ध) बस्ने वर्ष ५३ को **श्री लालमाया तामाङ** |  | काठमाडौं जिल्ला का.म.न.पा वडा नं.६ स्थित कि.नं. ९२, १२४ र १२५ को क्षे.फ. ०-०-०-० (८०/०० व.मि), ०-०-०-० (४३/३१ व.मि) र ०-०-०-० (८/०० ब.मि) जग्गा **साक्षी** :- १) ऋणीको श्रीमान् श्री चम्पा सिं तामाङ २) ऋणीको छोरा श्री लिला बहादुर लामा । ३) ऋणीको छोरा **श्री बीरबहादुरं लामा** । |
| ५. | श्री राम बहादुर श्रेष्ठको नातिनी श्रीभक्त श्रेष्ठको छोरी गणेश कुमार श्रेष्ठको श्रीमती का.जि. महादेवस्थान ७ हाल चन्द्रागिरी न.पा.१० सतुंगल बस्ने वर्ष ४१ को **श्री नानीछोरी श्रेष्ठ** |  | काठमाडौं सतुगंल वडा नं.५ कि.नं.४१ को क्षे.फ. १३२.१० व.मि. जग्गा **साक्षी :-** चन्द्रागिरी न.पा. १० सतुगल बस्ने वर्ष ४३ को **गणेश कुमार श्रेष्ठ** |
| ६. | श्री असमान लामाको नातिनी श्री चेतबहादुर लामाको छोरी श्री प्रकाश तामाङको श्रीमती काठमाडौं का.म.पा.वडा नं.७ बस्ने वर्ष ४४ की **श्री बिना तामाङ** |  | काठमाडौं इचंगुनारायण वडा नं. ७ स्थित कि.नं.५४ को क्षेत्रफल १५८.९४ व.मि. जग्गा **साक्षी :-** १) काठमाडौं जिल्ला नयाँबजार १६ बस्ने वर्ष ४७ का श्री प्रकाश तामाङ २) काठमाडौं नागार्जुन वडा नं.१ बस्ने वर्ष ५७ का **श्रीहरिकृष्ण लामा** |
| ७. | श्री विर बहादुर थापाको नाती श्री मोहन बहादुर थापाको छोरा भक्तपुर जिल्ला दधिकोट ९, हाल सूर्यविनायक न.पा.बस्ने वर्ष ५७ को **श्री रमेश थापा** |  | भक्तपुर जि. दधिकोट वडा नं.९ स्थित कि.न. ८६५७ को ०-५-२-२ रोपनी जग्गा **साक्षी :-** का.जि. चन्द्रागिरी न.पा.१५ बस्ने वर्ष ५४ को **कपिल थापा क्षेत्री** |



## चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**चौतारा, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०८१/०१/०२)**

चौतारा साँगाचोकगढ़ी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८०/११/२४ गते प्रभाब दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोल्पत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मुल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोल्पत्रदताहरुको बोलपत्र स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट, कन्टिजेन्सी र PS बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB/WORKS -17/2080/081 | Construction of Panichaur Adharbhut Swasthya Kendra Building. CSGM-11 | Sophiya Builders and Suppliers, Chautara Sindhupalchok | १९,२३,१६२.९० |

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**



सुदूरपश्चिम प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
## महाकाली प्रादेशिक अस्पताल
**कञ्चनपुर**

### दरभाउपत्र प्रकाशित सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०१/०२ (14th April 2024)**

यस महाकाली प्रादेशिक अस्पतालको तपसिल वमोजिमको कार्यको लागि **दरभाउपत्र सम्बन्धी** प्रकाशित सूचनाको विस्तृत विवरण यस कार्यालयको सूचना पाटी र http://www.bolpatra.gov.np.egp मा राखिएको व्यहोरा अनुरोध छ ।

**तपसिल**

| सि. नं. | ठेक्का न. | कामको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर | लागत अनुमान मु.अ.कर बाहेक | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | दरभाउपत्र खुल्ने मिति |
|---|---|---|---|---|---|---|---|
| १. | MPH/SQ/ Goods/ 2080/081-02 Package-A | फार्मेसी सञ्चालनका लागि औषधि खरिद | ९८,०००/- | १०००/- | ४३१६२६८।२९ | २०८१/०१/१७ दिउँसो : १२:०० बजेसम्म | २०८१/०१/१७ दिउँसो २:०० बजेसम्म |
| २. | MPH/SQ/ Goods/2080/081-02 Package-B | फार्मेसी सञ्चालनका लागि औषधिजन्य (सर्जिकल) मालसमान खरिद | १५,०००/- | | | | |

**मेडिकल सुपरिन्टेन्डेण्ट**

# न्यायालय सुधारमा प्रगति, उपलब्धि सन्तोषप्रद

■ कालिका खड्का

**काठमाडौं–** वर्ष २०८० मा भएका न्यायालय सुधारका प्रयासले गति लिएको तथा मुद्दा फर्स्योटलाई आधार बनाउँदा उपलब्धि सन्तोषजनक मान्न सकिन्छ ।

सर्वोच्च अदालतले पाँच वर्ष नाघेका मुद्दालाई आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा शून्यमा झार्ने लक्ष्यका साथ मुद्दा फर्स्योटको कामलाई तीव्रता दिएको छ । पाँच वर्ष नाघेका मुद्दाको संख्या बढ्दै गएपछि मुद्दा किनारा लगाउन 'विचाराधीन पुराना बक्यौता मुद्दा न्यूनीकरण कार्ययोजना, २०७९ कार्यान्वयन ल्याएपछि मुद्दा फर्स्योटमा तीव्रता आएको हो । यो २०७९ साउन १ गतेदेखि लागू भएको थियो ।

'अदालतमा थुप्रिएका पुराना र नयाँ मुद्दालाई चाँडो छिनाफाना गर्न अतिरिक्त समय काम गर्ने, समयमा इजलास बस्ने गरेको छ,' सर्वोच्च अदालतका रजिस्ट्रार विमल पौडेलले भने, 'अब दैनिक १० वटा इजलास बस्दा योजनाअनुरूप मुद्दा फर्स्योटमा सहयोग पुग्छ, रिक्त न्यायाधीश पूर्तिसँगै मुद्दा फर्स्योटमा तीव्ररूपमा भइरहेको छ ।' सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित २१ जना न्यायाधीश रहने संवैधानिक व्यवस्था छ । हाल प्रधानन्यायाधीशसहित १९ जना न्यायाधीश कार्यरत छन् ।

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको लक्ष्यअनुसार मुद्दा शीघ्र फर्स्योटका गर्न तत्कालीन प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले पुराना मुद्दालाई चाँडो फर्स्योट गर्न न्यायाधीश तीलप्रसाद श्रेष्ठको संयोजकत्वमा एउटा समिति गठन गरेका थिए । उक्त समितिमा तत्कालीन नायब महान्यायाधिवक्ता पदमप्रसाद पाण्डेय, नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे र सर्वोच्च बार एसोसिएसनका तत्कालीन अध्यक्ष पूर्णमान शाक्य थिए । त्यो समितिले कार्ययोजना बनाई लागू गरेको थियो ।

उक्त कार्ययोजनामा निर्धारित समय ११ बजे इजलास बस्ने र पूरा समय बस्ने परिपाटी अपनाउने तथा सम्बन्धित सरकारी वकिल र कानुन व्यवसायी पनि निर्धारित समयमा इजलासमा उपस्थित हुनुपर्ने उल्लेख गरिएको थियो । उक्त कार्ययोजनाअनुसार सर्वोच्च अदालत, उच्च र जिल्ला अदालतमा काम भइरहेको छ । कार्ययोजना लागू भएपछि मुद्दा फर्स्योटमा राम्रो सफलता प्राप्त भएको छ । वि.सं. २०८० मा पाँच वर्ष नाघेका मुद्दा दुई हजार ८८१ थान फर्स्योट भएको छ । कूल छ हजार ६६२ मुद्दामा तीन हजार ७८१ मुद्दा फर्स्योट गर्न बाँकी छ ।

पुराना मुद्दालाई चाँडो छिनाफाना गर्ने कार्ययोजनाअनुसार सर्वोच्चदेखि उच्च र जिल्ला अदालतमा न्यायाधीशहरू रिक्त हुँदा सोचेअनुरूप मुद्दा हुन सकेको थिएन । यस वर्ष तीनै तहका अदालतमा न्यायाधीश नियुक्ति भएपछि न्यायसम्पादनमा गति आएको छ । उच्च अदालतममा १६० दरबन्दी रहेकामा १५२ न्यायाधीश छन् । एक मुख्य न्यायाधीशसहित सात न्यायाधीशको पद रिक्त छ । जिल्ला अदालतमा २८७ दरबन्दीमध्ये २४२ न्यायाधीश कार्यरत छन् । त्रिचालिस जिल्ला अदालतमा पदपूर्ति हुन बाँकी छ ।

न्यायपरिषद्का प्रवक्ता अशोककुमार क्षेत्रीका अनुसार परिषद्ले उजुरीउपर उल्लेख्य सुधार गरेको छ । उजुरीउपर छानबिन गरी कारबाहीको प्रक्रिया अघि बढाएको छ । 'परिषद्मा परेका २०७९ सम्मको उजुरी छानबिन सकिएको छ, ३३७ उजुरीमा यो वर्ष ११७ उजुरीको छानबिन भएको छ,' प्रवक्ता क्षेत्रीले भने, 'न्यायिक सुधारका लागि परिषद्ले निरन्तर काम गरिरहेको छ ।' न्यायालयमा लामो समय न्यायाधीश नियुक्ति हुन नसक्दा मुद्दा फर्स्योटमा ढिलाइ भएको थियो । पदपूर्तिसँगै न्यायलयले मुद्दा फर्स्योटमा राम्रो लय लिएको छ । 'मुद्दा फर्स्योटमा न्यायालयले सम्पूर्ण ध्यान दिएको छ,' रजिस्ट्रार पौडेलले भने, 'कानुनको शासनको प्रवर्द्धन तथा नागरिकको हकको संरक्षक न्यायालयले प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ ।'

सर्वोच्च अदालतमा २०८० साल चैत ३० गते सम्मको लगत फर्स्योटलाई विश्लेषण गर्दा ११ हजार आठ मुद्दा फर्स्योट भएका छन् । जिम्मेवारी सरेका २८ हजार १२९ र सोही वर्ष परेको गरी नौ हजार २६६ गरी ३७ हजार ३५९ छन् भने सर्वोच्च अदालतमा २६ हजार ३७८ मुद्दा बाँकी छन् । सर्वोच्च अदालतमा दुई वर्ष नाघेका मुद्दा १८ हजार ७८१ मध्ये पाँच हजार ३१९ फर्स्योट भएका छन् ।

> मुद्दा फर्स्योटमा न्यायालयले सम्पूर्ण ध्यान दिएको छ । कानुनी शासनको प्रवर्द्धन तथा नागरिकको हकको संरक्षक न्यायालयले प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ ।
>
> **■ विमल पौडेल**
> **रजिस्ट्रार, सर्वोच्च अदालत**

> न्यायालय विचौलियाबाट प्रभावित भएको छैन, जुन सकारात्मक हो । वर्तमान प्रधानन्यायाधीश आएपछि न्यायपरिषद्ले नियमावली जारी गर्‍यो, यसले उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशमा विभाजन भएको छ, निराशा बढेको छ, त्यो अविलम्ब खारेज होस् ।
>
> **■ गोपालकृष्ण घिमिरे**
> **अध्यक्ष, नेपाल बार एसोसिएसन**

### न्यायालय सुधारको कार्की प्रतिवेदन फूलकोर्टले पारित गर्नुपर्ने

नेपाल कानुन व्यवसायी परिषद्का पार्षद् तथा वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीलाई न्यायापालिकाका विकृति पूर्णरूपमा अन्त्य गर्नुपर्छ भन्ने लाग्छ । नेपाल बार एसोसिएसन र सर्वोच्च बार एसोसिएसनले न्यायालयको सुधारका लागि लामो समय आन्दोलन गरेको थियो । 'न्यायालयको सुधारका लागि न्यायाधीश हरिकृष्ण कार्कीले बनाएको प्रतिवेदन सर्वोच्च अदालतको पूर्णबैठक (फूल कोर्ट) ले पारित गर्नुपर्छ, त्यसपछि विसंगति हट्छ भन्ने सम्पूर्ण कानुन व्यवसायीको माग हो,' उनले भने, 'त्यही मागबमोजिम तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरामाथि संसद्मा महाअभियोग लाग्यो, हाल अहिले न्यायालयमा धेरै सुधार भएको छ ।'

वरिष्ठ अधिवक्ता ज्ञवालीका अनुसार वर्तमान अवस्थामा न्यायालयले लिएको गति सकारात्मक छ । मुद्दा फर्स्योटमा पनि प्रगति भएको छ । वर्तमान प्रधानन्यायाधीशले कार्यभार सम्हालेपछि मुद्दा व्यवस्थापनमा स्वचालित प्रणाली लागू भयो । यो सकारात्मक पक्ष हो । उनकै नेतृत्वमा न्याय परिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) भयो । त्यो संशोधन अविलम्ब खारेज गर्न माग भइरहेको छ । 'न्याय परिषद्बाट नियमावली पारित भयो, त्यहीअनुसार लागू भयो र न्यायपालिकामा विचलन आयो,' वरिष्ठ अधिवक्ता ज्ञवालीले भने, '१०औं वर्ष काम गरेका न्यायाधीशभन्दा रजिस्ट्रार, मुख्य रजिस्ट्रारबाट न्यायाधीश नियुक्ति गर्दा ज्येष्ठता वा वरिष्ठता हुने व्यवस्था गरियो, त्यो गलत हो । त्यो अविलम्ब खारेज गर्नुपर्छ ।' न्यायापालिकाले नै संविधानको कार्यान्वयन गराउने भएको हुनाले संविधानसँग बाझिएका मुद्दाहरू अदालतमा आउँदा जतिसक्दो छिटो फैसला हुनुपर्ने उनको ठहर छ ।

### परिषद्को संशोधित नियमावली खारेज हुनुपर्ने

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले न्यायपरिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) तत्काल खारेज गर्नुपर्ने माग गरेका छन् । 'न्यायालय विचौलियाबाट प्रभावित भएको छैन, जुन सकारात्मक हो,' अध्यक्ष घिमिरेले भने, 'वर्तमान प्रधानन्यायाधीश



आएपछि न्यायपरिषद्ले नियमावली जारी गर्‍यो, यसले उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशमा विभाजन भएको छ, निराशा बढेको छ, त्यो अविलम्ब खारेज होस्, मैले पटक-पटक न्यायालयको नेतृत्वलाई भनेको छु, तर सुनुवाइ भएको छैन ।' न्यायाधीशको मर्यादाक्रम, सेवा सर्त संविधानमा भएको व्यवस्थालाई न्याय परिषद् आफैंले नियमावली परिवर्तन गरेको र छलफलका लागि बारले बोलाउँदा नआएकोप्रति उनको गम्भीर आपत्ति छ ।

### गोला प्रक्रियाबाट पेसी निर्धारण

न्यायालयको इतिहासमा प्रधानन्यायाधीशले पेसी तोक्ने प्रणालीको अन्त्य गर्दै २०७८ मंसिर १५ गतेदेखि गोला प्रक्रियाबाट पेसी निर्धारण गर्न थालिएको हो । प्रधानन्यायाधीशको चाहनाअनुसारको इजलासमा मुद्दा तोक्ने प्रवृत्तिको अन्त्यलगायत विकृति घट्ने अपेक्षाका साथ यो प्रक्रिया प्रारम्भ गरिएको हो ।

तत्कालीन न्यायाधीश हरिकृष्ण कार्की संयोजकत्वको समितिले न्यायालय सुधारका लागि अटोमेसन (स्वचालित प्रणाली) बाट पेसी तोक्न सुझावसहितको प्रतिवेदन दिएको थियो । सोही प्रतिवेदनअनुसार गोला प्रक्रियाबाट पेसी तोक्न थालिएको हो । सुरुमा सर्वोच्च अदालतमा गरिएको अभ्यासअनुसार अहिले उच्च र जिल्लामा पनि गोला प्रक्रियाबाट नै पेसी तोकिने व्यवस्था छ । न्यायिक सुशासनका लागि यसलाई महत्वपूर्ण कदमका रूपमा लिइएको छ ।

### सर्वोच्च र उच्च अदालत स्वचालित पेसी

न्यायिक सुशासनका लागि सर्वोच्च अदालतमा र उच्च अदालतमा स्वचालित पेसी व्यवस्थापन प्रणाली प्रारम्भ गरिएको छ । सर्वोच्च अदालतमा गत भदौ ११ गतेदेखि र उच्च अदालतहरूमा पुस ८ गतेदेखि लागू गरिएको छ । न्यायालयले जिल्ला अदालतमा पनि उक्त प्रणाली लागू गर्न अध्ययन गरिरहेको जनाएको छ । अदालतलाई पूर्णरूपमा प्रविधिमन्त्री बनाउँदा सहजरूपमा सेवाग्राहीले सेवा पाउने, सेवामा गुणस्तरीय, पारदर्शिता र विश्वास बढाउन उक्त प्रणाली अपनाइएको हो ।

### सर्वोच्चसहित छ उच्च अदालमा 'भर्चुअल' सुनुवाइ

सर्वोच्च अदालतमा कोभिड-१९ को महामारीका बेला 'भर्चुअल' (श्रव्यदृश्यका माध्यमबाट) सुनुवाइ थालियो । उच्च अदालतमा दीपायल, इलाम, जुम्ला, महेन्द्रनगर, धनकुटा र हेटौंडामा यसलाई निरन्तरता दिइएको छ ।

### ३८ लाख मुद्दा 'डिजिटलाइजेसन' गरिँदै

देशभरका अदालतमा ३८ लाखका मुद्दाका मिसिल छन् । तिनलाई सम्बन्धित जिल्लाबाटै 'स्क्यान' गरेर डिटलाइजेसन थालिएको छ । सर्वोच्च अदालतको सूचना प्रविधि महाशाखाका प्रबन्धक गौरीनाथ कोइरालाले अदालतको अभिलेखालयमा रहेका मिसिल डिजिटलाइजेसन थालिएको बताए । 'हालसम्म जिल्ला र उच्च अदालतका ९० हजार मिसिल स्क्यान भइसकेका छन्, जिल्लाका अभिलेख शाखाबाट काम भइरहेको छ,' उनले भने, 'सबै जिल्ला, उच्च अदालतमा यो प्रारम्भ भएको छ, अब सर्वोच्चमा पनि शीघ्र सुरु हुन्छ, यो प्रक्रियाबाट मुद्दाको नम्बर भएपछि जुनसुकै जिल्लाको मुद्दा जहाँ पनि हेर्न सकिन्छ ।' *रासस*

## नयाँ वर्षका दिन उत्सवमय चहलपहल



**काठमाडौं (प्रस)–** नयाँ वर्षको पहिलो दिन शनिबार मुलुकको राजधानी काठमाडौंलगायत विभिन्न स्थानमा उत्सवमय वातावरण देखिएको छ । शनिबार र सार्वजनिक बिदासमेत परेकाले सर्वसाधारण धार्मिक तथा पर्यटकीयस्थलमा घुमफिर गर्ने, रमाइलो गर्ने, मीठामीठा परिकार खाने, इष्टमित्र भेटेर रमाएका थिए ।

नेपाली पात्रोअनुसार हरेक वैशाख १ गते प्रारम्भ हुने नयाँ वर्षलाई नेपाली संस्कृतिमा विशेष दिनका रूपमा लिइन्छ । वसन्त ऋतुको मौसम घुमफिरका लागि प्रतिकूल भएकाले आन्तरिक पर्यटनमा टेवा मिलेको छ ।

पोखरा, लुम्बिनी, इलाम, मुक्तिनाथ, रारा ताल, शैलेश्वरीलगायतका धार्मिक र पर्यटकीय क्षेत्रमा चहलपहल बढेको थियो । शनिबार बिहानैदेखि घरघरमापूजाआजासहितआराध्यदेव पशुपति मन्दिरलगायत देवस्थलमा पूजाआजा र दर्शन गर्नेको घुइँचो लागेको थियो । भृकुटीमण्डप खेल उद्यान र विभिन्न उद्यान, सपिङ मल तथा रेस्टुराँमा चहलपहल थियो । नयाँ शैक्षिकसत्र सुरु हुन बाँकी रहेकोले परिवारसहित घुमफिर गर्ने धेरै देखिएका छन् ।


बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

**बेलबारी नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

- विहानको समयमा खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पुरै सावधानी अपनउने गरी र चुल्हो नजिक एक जना अनिवार्य बस्ने पानि बसालौ ।
- दिउँसो समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- सलाई, लाईटर, मटितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक वाल्टीन वा अन्य भाडोमा पानि २४ सै घण्टा राख्ने बानी बसालौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौ जसले गर्दा कहि आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने वानी बसालौ ।
- नगरका पोखरीहरुमा पानी सञ्चित राख्ने वानी बसालौ ।
- नगरमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुदैन भनेर सचेत गराउने गरौ ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यलयको कन्टोलको नम्बर १०० नम्वरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पति माथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसंग सहकार्य गरौ र जनधनको क्षति हुनवाट बचौ र वचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै वाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रचर, प्रथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

साथै

नव वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण नगरबासी आमा बुवा, दाजुभाइ, दिदीबहिनी तथा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको

शुभकामना

व्यक्त गर्दछौं ।

दिल बहादुर राई
नगर प्रमुख

नितु थापा कोइराला
नगर उप-प्रमुख

किरण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

तथा बेलबारी नगरपालिका परिवार

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सार्थक बनोस् वर्ष २०८१

विक्रम संवत्अनुसारको नेपाली नयाँ वर्ष अर्थात् २०८१ सालको सुरुआत भइसकेको छ । नयाँ वर्षको आगमनसँगै बिदाइ गरिएको वर्ष २०८० को समीक्षा र नयाँ संकल्प गर्ने क्रम जारी छ । बितेको वर्षलाई फर्केर हेर्दा मुलुकको राजनीति उतारचढावपूर्ण नै रह्यो । मुलुकको आवश्यकता र जनताको अपेक्षाअनुसार राजनीतिमा स्थिर बन्न सकेन । संघदेखि प्रदेशसम्मै अस्थिर बन्यो राजनीति । संघमा गठबन्धन एक वर्षमै तीनपटक फेरियो । गठबन्धन फेरिनासाथ प्रदेशमा भूकम्प जाने क्रम रोकिएन । जुन वर्षान्तसम्म चलिरह्यो ।

कोरोना भाइरसको विश्वव्यापी महामारीको संकटबाट थलिएको अर्थतन्त्रका केही क्षेत्रमा सुधार भए, जस्तोः पर्यटन । विदेशी पर्यटकको आगमन उत्साजनक हुँदा अर्थतन्त्रलाई चलायमान बनाउन केही हदसमम्म सहयोग गऱ्यो । यस्तै वैदेशिक रोजगारीमा गएका नेपालीहरूले नेपालमा पठाउने रेमिटयान्स उच्च बन्यो । जसले मुलुकको अर्थतन्त्रलाई धान्ने काम गऱ्यो । किनकि लक्ष्यअनुसार राजस्व संकलन गर्न सरकार असफल रह्यो । अर्कोतर्फ वैदेशिक सहायताको लक्ष्यमा पनि सरकार पुग्न सकेन । सरकारले गर्ने पुँजीगत खर्चको तथ्यांक निराशाजनक छ । निर्यात व्यापार खुम्चिएको छ । निजी क्षेत्रमा आत्मविश्वास बढाउन नसक्दा बैंक तथा वित्तीय क्षेत्रमा तरलता थुप्रिएको छ ।

यद्यपि, अर्थतन्त्रका बाह्य सूचकहरू सकारात्मक बन्दै गएका छन् । विदेशी मुद्रा सञ्चिति बढेको छ । अघिल्लो वर्ष घाटामा रहेको सोधनान्तर स्थिति र चालु खाता बचतमा रहेको छ । सुशासनतर्फ केही काम भएका छन् । विभिन्न भ्रष्टाचार तथा अनियमितता काण्डमा मुछिएका उच्च तहका नेताहरू पक्राउ परे । तर, अनियमितता र विसंगतिहरू अझै न्यूनीकरण हुन सकेको छैन ।

वर्ष २०८१ मा नेपालीहरूले समग्र क्षेत्रमा सुधारको अपेक्षा गरेका छन् । मुख्यगरी राजनीतिक स्थिरता, मुलुकको अर्थतन्त्रमा देखिएका संकटलाई हटाउँदै विकास र समृद्धिको मार्गमा मुलुकलाई अग्रसर गराउन यो वर्ष महत्त्वपूर्ण बन्ने आम अपेक्षा छ । निराशामा गुज्रिएका आमजनतालाई आशा जगाउने वर्ष बनाउन राजनीतिक नेतृत्व जिम्मेवार बन्नुपर्ने आजको आवश्यकता हो । बितेका वर्षमा गरेका गल्तीहरूलाई नदोहोऱ्याई देश र जनताको हितलाई केन्द्रमा राखेर काम गर्नु राजनीतिक नेतृत्वको दायित्व हो । यो दायित्वबाट उनीहरू भाग्न मिल्दैन । किनकि जनताले विश्वास गरेर मत दिएका छन् । जनताको ठूलो संघर्ष, त्याग र बलिदानीबाट प्राप्त यो व्यवस्थालाई जोगाउँदै समृद्ध मुलुक निर्माणमा एकजुट बनेर अघि बढून् ।

## मनन्योग्य

### चाणक्य नीति

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर ।

'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधैं निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए । आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ । यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे ।

क्रमश:

# हामी बढी व्यक्ति र दल केन्द्रित भयौं



▶▶ **डिगबहादुर लिम्बू**
प्रतिनिधिसभा सदस्य

> केही दिनयताको संसद्को गतिविधिले प्रतिपक्षले उठाएका कुरा सुन्न सरकारले नचाहेको भान भइरहेको छ । लोकतान्त्रिक अभ्यासमा सरकार र प्रमुख प्रतिपक्षबीच संवाद र प्रतिवाद निरन्तर हुन्छ । सरकार अभिभावक भएकाले प्रतिपक्षले उठाएका विषय गम्भीरताका साथ सुन्नुपर्छ । त्यो अहिले देखिन्न । विगतमा प्रतिपक्षले उठाएका माग सम्बोधन गर्न छानबिन समिति बनाइएका, दोषीलाई कारबाही भएका र मन्त्री फेरबदलसम्म गरिएका घटना छन् । त्यो नजिर कसैले बिर्सिनुभएन ।

हामीले अवलम्बन गरेको संसदीय शासन प्रणाली लामो समयदेखि देशमा अभ्यास भइरहेको छ । यसको मूल्य, मान्यतालाई जुन आधारमा अघि बढाउनुपर्ने थियो, त्यो नभई हाम्रा अभ्यासले दलीय स्वार्थमा बढी केन्द्रित भयो कि भन्ने बुझाइ पर्न गएको छ । जनसरोकारका विषयलाई घनिभूत ढंगबाट सदनमा उठाउन सकिएको छैन । अहिले हामीले आत्मसात् गरेको शासन प्रणाली मध्यमार्गी बाटो हो । यसलाई थप सुदृढ गरी अघि बढ्दा मात्र जनताको भावनालाई सम्बोधन गर्दै देश विकास गर्न सकिन्छ । पछिल्लो समय हामी बढी व्यक्ति र दल केन्द्रित भयौं कि भन्ने लागिरहेको छ ।

केही दिनयताको संसद्को गतिविधिले प्रतिपक्षले उठाएका कुरा सुन्न सरकारले नचाहेको भान भइरहेको छ । लोकतान्त्रिक अभ्यासमा सरकार र प्रमुख प्रतिपक्षबीच संवाद र प्रतिवाद निरन्तर हुन्छ । सरकार अभिभावक भएकाले प्रतिपक्षले उठाएका विषय गम्भीरताका साथ सुन्नुपर्छ । त्यो अहिले देखिन्न । विगतमा प्रतिपक्षले उठाएका माग सम्बोधन गर्न छानबिन समिति बनाइएका, दोषीलाई कारबाही भएका र मन्त्री फेरबदलसम्म गरिएका घटना छन् । त्यो नजिर कसैले बिर्सिनुभएन । यी मुद्दा कसैप्रति लक्षित नभई पद्धति र प्रणाली स्थापित गराउने विषय हुन् । विगतको नजिरका आधारमा समस्या सम्बोधन हुनुपर्छ भन्ने नेपाली कांग्रेसको अडान हो ।

विधायकको मुख्य काम कानुन निर्माण गर्नु नै हो । तथापि, सांसदलाई संवैधानिक र कानुनी हिसाबले जुन जिम्मेवारी तोकिएको छ, त्योमात्रै हो भनेर उन्मुक्ति पाउने अवस्था छैन । हामीसँग बग्रेल्ती समस्या छन् । बाटो, पुल, सिँचाइ, विद्यालय, सुकुम्बासी, बेरोजगारीजस्ता अनेक समस्या समाधान गर्छु भनेर चुनावका बेला प्रत्येक सांसदले जनतासँग प्रतिबद्धता गरेका हुन्छन् ।

दश महिना सरकारमा रहँदाको मेरो अनुभव के रह्यो भने हामी राजनीतिबाट आएका व्यक्ति छोटो मार्गबाट छिटो गरौं भन्ने हुँदोरहेछ । तर कर्मचारीतन्त्रमा प्रक्रियाको कुरा उठाएर एउटा कामलाई लम्बेतान बनाएर यता मिलेन, उता मिलेन भनेर अल्झाउने गरेको अनुभूति भयो । संघीय निजामती, शिक्षा र प्रहरी समायोजन विधेयक छलफल गर्दै जाँदा कर्मचारीतन्त्रबाट आवश्यक सहयोग नभएको मात्र नभई सेवानिवृत्त भएपछि पनि आफू केन्द्रित भएर नियम, कानुन बनाउने माखेसाङ्लोको जस्तो कोसिस देखियो । कतिपय संवैधानिक पदमा यति वर्षको अनुभव र काम गरेको भन्ने मापदण्ड तोक्दै जाँदा अरूले त अवसर नै नपाउने स्पष्ट देखियो । यो गलत छ, त्यसमा सुधार आवश्यक छ । यो प्रवृत्तिले आमरूपमा विधेयक अघि बढाउन ठूलो समस्या खडा गरिरहेको छ ।

वर्तमान सरकारले सदनलाई 'बिजनेस' दिन सकेको छैन । कानुन निर्माणमा विषयगत समितिमा तदारुकता र घनिभूत छलफल हुनुपर्ने थियो, त्यो भएन । कानुन निर्माणमा कसले भनेको लागू हुने र जस लिने भन्ने पनि देखिन्छ । समग्रमा देश र जनतालाई केन्द्रविन्दुमा राखेर छिटो कानुन निर्माण गरी तल्लो तहसमेतले लाभ लिनेगरी कार्यान्वयन गर्नुपर्छ भन्ने नै हो । मुलुकको प्राथमिकतामा परेको र धेरैको चासो रहेको संक्रमणकालीन न्याय अर्थात् सत्य निरूपण एवं मेलमिलापसम्बन्धी कानुन १७ वर्षदेखि थाँती नै रहेको अवस्था छ । दलहरूबीच स्वार्थ बाँझिएर ऐन बन्न सकेको छैन ।

पछिल्लो आवधिक निर्वाचनपछि कसैको पनि एकल बहुमत नआएपछि ठूला राजनीतिक दलहरू मिलेर अघि बढ्नुपर्थ्यो, त्यो भएन । यसले मुलुकमा राजनीतिक अस्थिरता निम्त्यायो । पटक-पटक सरकारको फेरबदल भइ नै रह्यो । नयाँ जनादेशपछि सबैखाले राजनीतिक मुद्दा समाप्त गरी भकाभक विकास निर्माणको कामलाई अघि बढाउनुपर्ने बेलामा उही पुरानो सत्ताको अंकगणित चलिनै रहेको छ । अहिलेको अवस्थालाई अन्त्य गर्न मुख्यतः दुई ठूला दल, नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) बीच न्यूनतम साझा सहमति हुनुपर्छ । अन्योलको अवस्थाबाट निकास दिनुपर्छ । विकासको गतिलाई द्रुतगति दिने र आर्थिक मन्दी अन्त्य गर्दै बेरोजगारी समस्या समाधानमा हाम्रा पहल केन्द्रित हुनुपर्छ । उद्योग स्थापना गर्ने र सुकुम्बासी समस्या अन्त्य गर्ने कार्यलाई पनि उच्च प्राथमिकतामा राखिनुपर्छ ।


अघिल्लो सरकारले अघि बढाएको भ्रष्टाचार न्यूनीकरणको अभियानलाई कमजोर बनाउने कार्य भएको छ । गहिरो अनुसन्धानको जिम्मेवारीमा रहेकालाई हटाउने र सरुवा गर्ने कार्यमा दलका नेता र सरकारको नेतृत्वबाटै पनि कमजोरी भएको देखिन्छ । अनुसन्धानलाई सबैबाट सहयोग पुऱ्याउनुपर्छ । नेतृत्व तहमा बसेका इमान्दार हुनुपर्छ । राजनीतिक प्रतिशोधबाट नभई अपराध कर्मका आधारमा सजायको भागिदार बनाउनुपर्छ ।

मुलुकमा स्थायित्व कायम गर्न हालको मिश्रित निर्वाचन प्रणाली खारेज गर्नुपर्छ । यो प्रणाली रहेसम्म भ्रष्टाचार अन्त्य र सुशासन कायम गर्न सकिन्न । कुनै पनि राजनीतिक दलले स्पष्ट बहुमत प्राप्त नगरेपछि अहिलेकै जस्तो खिचडी सरकार बन्छ, बनिरहन्छ । राष्ट्रिय सभालाई जातीय जनसंख्याका आधारमा पूर्ण समानुपातिक र प्रतिनिधिसभालाई प्रत्यक्षमा मात्र सीमित तुल्याउनुपर्छ । अहिलेको निर्वाचन प्रणालीबाट अघि बढ्न सकिन्न । राजनीतिक अस्थिरताले समयमा काम नहुने र नतिजा प्राप्त गर्न नसकिने भएपछि युवा विद्यार्थीको विदेश पलायनको संख्या बढेको हो भन्ने लाग्छ । अभिभावक पनि घरजग्गा धितो राखेर सन्तानलाई विदेश पठाउन बाध्य छन् । यो हुनुमा राजनीतिक अस्थिरता नै मुख्य कारक हो ।

निर्वाचनमा पाँच वर्ष स्थिर सरकार दिन्छौं भनेर आयौं तर डेढ वर्ष नपुग्दै तीनवटा सरकार फेरबदल गरिसकियो । निर्वाचन प्रणाली संशोधन गर्ने र पूर्णबहुमतको सरकारले शासन सञ्चालन गर्ने संस्कार बसाएपछि राजनीतिक स्थायित्व हुन्छ । राजनीतिक स्थायित्व भएमा छोटो समयमा पनि प्रगति गर्न सकिन्छ । अनि विदेश पलायन रोकिन सक्छ । विदेशमा सीप सिकेर फर्केकालाई सहुलियतपूर्ण ऋण सुविधा र अनुदान दिने कार्यक्रम बनाउनुपर्छ । हरेक व्यक्ति सरकारको अंग हुने भएकाले धैर्यसाथ देशलाई अघि बढाउन वातावरण सिर्जना गर्न सम्पूर्ण जनता लाग्नैपर्छ । अत्तालिनुपर्ने परिस्थिति छैन । संसारभर नै कोभिडलगायतले मन्दीको अवस्था सिर्जना गरेको छ । मन्दी अन्त्य भएपछि अर्थतन्त्र पुरानै अवस्थामा फर्केर देशलाई माथि उठाउन सकिन्छ । हतोत्साही नभई पाखुरा बजार्न नछोडौं । देशलाई माया गरेर अघि बढ्ने परिस्थिति निर्माण गरौं । सन्तानलाई विदेश होइन, स्वदेशकै सेवामा रहन प्रेरित गरौं । हलोमात्रै जोत्ने होइन, नयाँ प्रविधिसँग जोडिनुपर्छ । कृषि उत्पादन बढाउनुपर्छ ।

*(नेपाली कांग्रेसका सांसद लिम्बूसँग राष्ट्रिय समाचार समितिका उपप्रमुख समाचारदाता नारायण न्यौपानेले गरेको कुराकानीको सम्पादित अंश)*

# 'वसन्त रितु' मा सबै जाति र भाषा फलाउने-फुलाउने सन्देश



▶▶ **श्याम रिमाल**

गत महिना डा. पुरण राईले एकैचोटि आफ्ना पाँच कृति प्रकाशनमा ल्याए र फागुन १३ गते सबैको एकै पटक विमोचन पनि गराए । एकै समयमा एकै व्यक्तिले कथासंग्रह, नाटकसंग्रह, दैनिकी, अनुसन्धानात्मक र उपन्यास गरी फरक-फरक विधाका यति धेरै पुस्तक प्रकाशन गर्ने काम कृतिगत अभिलेखमै आउने काम हो र यो जो पायो उसले गर्न सक्दैन पनि ।

यसअघि पनि नेपाल एयरलाइन्स, त्रिभुवन विमानस्थल, काठमाडौंमा कार्यरत डा. राईका 'मेरो देशको भूगोल', 'डायस्पोराः लाहुरे स्रष्टा र कविता' र 'ब्रिटिस गोर्खा सैनिक साहित्यको इतिहास' गरी कविता, समालोचना र इतिहाससम्बन्धी तीन कृति प्रकाशन भइसकेका छन् ।

अनलाइन अभिलेख प्रालि र पालिका अभिलेख प्रालि, काठमाडौंद्वारा यसै साल प्रकाशित 'आप्रवासी नेपाली कवितामा अलंकार विधान' कृति अलंकार विधानमा नै केन्द्रित भएर गहन अध्ययनका साथ तयार पारिएको पहिलो शोधप्रबन्ध मानिन्छ जुन नेपाल संस्कृत विश्वविद्यालयबाट विद्यावारिधि गर्दाको शोधमा आधारित छ ।

उनका अन्य कृतिमा 'अस्तु' कथासंग्रह, 'लासमाथिको मानवता' नाटकसंग्रह, 'डरका विम्बहरू' कोभिड डायरी र 'वसन्त रितु' उपन्यास हो । 'अस्तु' कथासंग्रहमा कोरोना भाइरस र अन्तरजातीय प्रेम तथा विवाहसम्बन्धी आठ कथा छन् । यसमा महामारी र अन्तरजातीय प्रेम तथा विवाहले सिधासोझालाई निम्त्याएको विपत्ति, शोषण, उजाडिएको गाउँ, वृद्धवृद्धा-केटाकेटी मात्र रहेको बस्ती आदि विषय आएका छन् ।


नाटकसंग्रह 'लासमाथिको...' मा रहेका चार नाटकले नेपाली समाज, सामाजिक मनोविज्ञान र सामाजिक यथार्थलाई विवेचन गरेको छ । समाजले निःसन्तानलाई हेय दृष्टिले हेर्ने गरेकाले सन्तानका लागि भाडामा कोख लिनुपर्ने बाध्यता र मातृत्वको वियोग, लाहुरे बन्नुपर्ने बाध्यता र त्यसमा पाएका दुःख, दलित महिलाले भोग्नुपरेको पीडा, अहिलेका युवाले बाबुआमालाई गर्ने अपमान र तिरस्कारजस्ता विषयवस्तु पनि यसमा अटाएको छ ।

'डरका...' कोभिडकालीन डायरी हो । त्यसमा वि.सं. २०७६-७८ सम्मका दैनिकी छन् । कोरोना महामारीको भयावहावस्थालाई समेटेर लेखकले एउटा दर्दनाक कालखण्डलाई यसमा उनले अभिलेखीकरण गरेका छन् । यो खोटाङ, बुइपाबाट आएका एक हवाई उडानकर्मीले नजिकैबाट देखेका, जानेका र सुनेका घटनाको दस्तावेजीकरण पनि हो ।

समीक्ष्य कृति 'वसन्त रितु' उनको पहिलो उपन्यास हो । त्यसमा अन्तरजातीय विवाह र त्यसपछि उत्पन्न घटना तथा समस्या केन्द्रमा छन् । राई वंशको केटो 'वसन्त' र ब्राह्मण कुलकी केटी 'रितु' बीच अन्तरजातीय विवाह भएकाले गाउँबाट सो जोडी भाग्न विवश हुन्छ । त्यसबाट केटाका घरमा केटी पक्षले आगो लगाउँछ, उसका बाआमा गाउँबाट खेदिन्छन् । अनि बाबुआमा र छोराबुहारीसमेतको परिवार अलगथलग हुन्छन् ।

उपन्यासका नायक वसन्त तथा नायिका रितु अर्कै गाउँ र सहरमा भौतारिरहेका हुन्छन् । विद्यालयको प्रतिभाशाली विद्यार्थी, शिक्षक हुँदै निर्माण व्यवसायी र पछि फेरि शिक्षक नै बनेका वसन्त सशस्त्र द्वन्द्वमा पनि सहभागी हुन्छन् र गिरफ्तार भए पनि भागेर बाहिरिन सफल भएको प्रसंग पनि कृतिमा देखाएर उपन्यासकारले नेपालको १० वर्षे एक कालखण्डलाई समेट्न सकेका छन् ।

वसन्त-रितुले आफ्नो सन्तानका रूपमा छोरी मौसम जन्मेपछि उनलाई चिकित्सक बनाउने अठोट लिएर रुसमा पढ्न पठाउँछन् । उनी नै स्वदेश आएर गाउँमा आयोजना गरिएको स्वास्थ्य शिविरमा सहभागी हुँदा अलग भएका परिवार-कुलकुटुम्बको




भेट हुन्छ र परित्यक्त गाउँमा विशाल उद्यान र स्वास्थ्य केन्द्र खोल्ने योजना तथा काम हुन्छ ।

कथा सारांशमा यही भए पनि यसले ठूलो सन्देश दिएको छः नेपाललाई नै सबै जात र भाषाभाषी, संस्कृति, धनी-गरिबको साझा फुलबारी बनाउने । अन्तरजातीय प्रेम र विवाह गर्ने वसन्त र रितु तथा तिनकी चिकित्सक छोरी डा. मौसम, वसन्तरितुका साथी स्मृति र उनका लाहुरे पति उद्गम एवं चिकित्सक छोरा डा. एलमहाङ तथा गाउँका ठालु जिमलघरे र उसका सम्धीसम्धिनी राईकान्छो र उनकी पत्नीको अन्त्यमा मिलन देखाएर समाज परिवर्तनमा जातीयता तगारो बन्न नहुने सन्देश देखाइएको छ ।

अझ नेपालको नक्साको स्वरूपमा विशाल ग्रामीण उद्यान बनाएर त्यसमा नेपालका १२३ भाषाको प्रतिनिधित्व गर्ने गरा र १२५ जाति संकेत गर्ने वर्गाकार भूभागमा नेपालका सबै ऋतुमा फुल्ने फूल रोपिएको छ (विसं २०७८ को बाह्रौं राष्ट्रिय जनगणनामा भने भाषा १२४ र जाति १४२ पुगेका छन्) । अनि उद्यानका चारैतिर सबै जातिको सांस्कृतिक पहिचान झल्कने घर निर्माण गर्ने योजना पनि बनाइएको छ । यसरी उपन्यासकारले जातीय समानता र राष्ट्रिय भावधारामा सबै नेपाली जनतालाई समाहित गर्नुपर्ने विशाल सन्देश कृतिमा दिएका छन् ।

'...यहाँ हरेक वर्ष ऋतु दिवस मनाइने छ, फूल दिवस मनाइने छ । यहाँ हरेक वर्ष फूलहरूको ठुलो मेला लाग्नेछ । यहाँ को साना जात, को ठुलो जात, को छुत को अछुत केही हुँदैन । यो जातबारी होइन, फूलहरू फुल्ने फुलबारी हुनेछ । ...', कृतिको मुख्य पात्रमध्येका वसन्तको मुखबाट अभिव्यक्त यस कथनले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको 'यो सबै जातको फुलबारी हो...' भन्ने दिव्योपदेशलाई पनि आत्मसात् गरेको छ ।

परम्परागत ढंगबाटै लेखिएको औपन्यासिक कृतिमा वर्णविन्यासगत र वाक्यगत दोष तथा मुद्राराक्षस ठाउँ ठाउँमा भेटिन्छन् । केही वाक्यमा नेपाली व्याकरणमा प्रयुक्त हुने वचन र लिंगसम्बन्धी नियम पनि भंग भएको पाइन्छ । नेपाली साहित्यमै विद्यावारिधि गरेका डा. राईले 'प्राकृतिक अवस्थाअनुसार वर्षभरिको दुई-दुई महिनाका दरले फेरिने वातावरणिक स्थिति वा त्यसअनुसार हुने समय विभाजन' लाई बुझाउने संस्कृत शब्द 'ऋतु' का सट्टा 'रितु' शब्द शीर्षकमै राख्नुभएकाले पाठक अन्योलमा पर्न सक्छन् । नेपाली समाज विभिन्न जातीय भावना, साम्प्रदायिकता, धार्मिकता, असहिष्णुता तथा वाद र विचारमा विखण्डित भइरहेको अहिलेका अवस्थामा कृतिले पाठकलाई राष्ट्र-राष्ट्रियताको भावना जागृत गर्नाका साथै संकुचित जातीयताको घेराबाट माथि उठ्न भने प्रेरणा दिने नै विश्वास गर्न सकिन्छ । *रासस*



**देउडा खेल्दै हुम्लावासी** | नयाँ वर्ष २०८१ का अवसरमा हुम्ला सदरमुकाम सिमकोटमा देउडा खेल्दै माथिल्लो हुम्लाका महिला र तल्लो हुम्लाका पुरुष ।

*तस्बिरः दाने बोहरा/रासस*

# लुम्बिनीः नयाँ वर्षमा भ्रमणको आकर्षक गन्तव्य



**भैरहवा (रूपन्देही)–** नयाँ वर्षको पहिलो दिन लुम्बिनीमा आन्तरिक पर्यटकको ओइरो लागेको छ । गौतमबुद्धको जन्मस्थल मायादेवी मन्दिरलगायत कोषको हाताभित्र रहेका सबै गुम्बामा दर्शनार्थीको घुइँचो लागेको हो ।

मायादेवी परिसर, केन्द्रीय नहर, गुम्बाहरूमा आन्तरिक एवं भारतीय पर्यटकको भरिभराउ थियो। आन्तरिक पर्यटक र भारतीय पर्यटक भ्रमणको केन्द्रका रूपमा लुम्बिनी रहेको छ। लुम्बिनी विकास कोषका सूचना अधिकृत राजन बस्नेतका अनुसार वर्षको पहिलो दिउँसो ३ बजेसम्म १० हजारभन्दा बढी दर्शनार्थीले मायादेवी मन्दिरको अवलोकन गरेका छन् ।

विश्व शान्तिको केन्द्रका रूपमा रहेको लुम्बिनी भगवान् गौतमबुद्धको जन्मस्थल हो । आफ्नो नयाँ वर्षको सुरुआत यहीबाट गर्ने धेरै नेपालीको चाहना हुन्छ । यसले पनि नयाँ वर्षमा लुम्बिनीमा आन्तरिक पर्यटकको संख्या ह्वात्तै बढाएको छ । 'लुम्बिनीको परिचय नै पर्याप्त छ, नेपालीको पहिचान विश्वमा नै चिनाएको कारण यहीँबाट नयाँ वर्षको सुरुआत गर्ने सोच बनाएँ,' पश्चिम नवलपरासी बर्दघाटका कमलकिशोर रायमाझीले भने, 'अहिले यहाँ मजस्ता पर्यटकको घुइँचो देखेर निकै रमाइलो लागेको छ ।'

वि.सं. २०७० को दशकमा नेपाल भूकम्पको त्रासदीदेखि कोभिड र आर्थिक मन्दीको मार खेपेकाले नेपालमा शान्ति र खुसी छाओस् भन्दै नेपालीहरूले कामना गरेका छन् । यससँगै नेपालमा राजनीतिक स्थिरता र पर्यटन क्षेत्रको विकासका लागि पनि दर्शनार्थीले लुम्बिनीबाट कामना गरेका छन् ।

गुल्मी हर्मिचौरका तुलासिंह पाण्डे भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा एकपटकको भ्रमणले मात्र चित्तै नबुझ्ने बताउँछन् । उनले पहिलेको तुलनामा लुम्बिनीमा धेरै विकास भएको बताउँदै पटकैपिच्छे आउँदा लुम्बिनीमा परिवर्तन आउने गरेको सुनाए । सरसफाइलगायत अन्य व्यस्थापन राम्रो रहेको उनले प्रतिक्रिया दिए ।

लुम्बिनी विकास कोषले लागू गरेको ई-टिकटका कारण भने कतिपय पर्यटकले भने सास्ती खेपेको बताएका छन् । बर्दिया बढैयाताल गाउँपालिका-७ का चुडामणि अर्यालले अर्घाखाँचीको सुपादेउराली हुँदै लुम्बिनी आएको बताए । उनी पछिल्लोपटक २०५६ मा लुम्बिनीमा आएका थिए । त्यसयता लुम्बिनीमा धेरै परिवर्तन भइसकेको अर्यालले बताए । 'ई-टिकटको व्यवस्था रहेको जानकारी पायौं, तर मोबाइलबाट टिकट लिन खोज्दा भएन,' उनले गुनासो गरे, 'टिकटकै लागि धेरै बेर भौतारिनुपर्‍यो, कोषले यसमा सुधार गर्नुपर्छ ।' लुम्बिनी विकास कोषले रूपन्देही, नवलपरासी (बर्दघाट-सुस्तापश्चिम) र कपिलवस्तुका नागरिकबाहेक अन्यलाई मायादेवी मन्दिर दर्शनका लागि शुल्क तोक्दै टिकटको व्यवस्था गरेको छ । *रासस*

# २९औं वन्यजन्तु सप्ताह सौराहामा सुरु




**चितवन (भरतपुर)–** चितवनमा शनिबारदेखि २९औं वन्यजन्तु सप्ताह २०८१ सुरु भएको छ । हरेक वर्ष वन र वन्यजन्तु संरक्षणमा दीर्घकालीन प्रभाव पर्ने प्रकृतिका गतिविधि आयोजना गरी मनाइँदै आइएको सप्ताहमा यस वर्ष पनि विभिन्न कार्यक्रम आयोजना गरिएको छ । सप्ताहको सौराहामा एक कार्यक्रमका बीच रत्ननगर नगरपालिका-५ का वडाध्यक्ष बालकृष्ण चापागाईंले उद्घाटन गरे । सो अवसरमा उनले वन्यजन्तु संरक्षणमा सबैले हातेमालो गर्दै अगाडि बढ्नुपर्ने आवश्यक रहेको बताए ।

उक्त सप्ताह कार्यक्रममा मृगकुन्ज मध्यवर्ती उपभोक्ता समितिको नेतृत्वमा निकुञ्जसहित २६ वटा संघसंस्थाले सहकार्य गरेका छन् । 'वन्यजन्तुको संरक्षण : पर्यापर्यटन र आयआर्जन' भन्ने मूल नाराका साथ सुरु गरिएको सप्ताहमा वन्यजन्तु संरक्षण र जीविकोपार्जनलाई जोड दिइएको मृगकुञ्जका अध्यक्ष दुर्गाप्रसाद घिमिरेले बताए । उनका अनुसार सप्ताहव्यापी कार्यक्रमअन्तर्गत आज (आइतबार) टिकौली हाइवे वरपर सरसफाइ, वैशाख ३ गते चरा अवलोकन, ४ गते वन्यजन्तु संरक्षणमूलक विद्यालयस्तरीय चित्रकला प्रतियोगिता, सोही दिन वन्यजन्तु र मानिसबीचको सहअस्थित्वसम्बन्धी विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता, ५ गते डुंगा सयर, ६ गते वन, वन्यजन्तु र वातावरण संरक्षणमूलक सचेतना र्‍याली गरिने छ ।

सप्ताहको अन्तिम दिन वैशाख ७ गते वन, वन्यजन्तु तथा जैविक विविधता संरक्षणमा सम्भावना र चुनौती विषयक अन्तर्क्रियाका साथै वन्यजन्तु संरक्षणका क्षेत्रमा योगदान दिएकालाई विभिन्न विधामा सम्मान गरिने अध्यक्ष घिमिरेले जानकारी दिए । मृगकुञ्जको अगुवाइमा निकुञ्ज, स्थानीय सरकार, राष्ट्रिय प्रकृति संरक्षण कोषसहित सामुदायिक वन, सौराहाको पर्यटनसँग सम्बन्धित संघसंस्थाको सहकार्य रहेको छ ।

# बाँकेका १६ सीमा स्तम्भ हराए



**राँझा (बाँके)–** बाँकेका नदीनाला क्षेत्रमा रहेका १६ वटा नेपाल-भारत सीमा स्तम्भ हराएका छन् । बाँकेमा भारतसँग जोडिएको ६५ किलोमिटर सीमा नाकाअन्तर्गत पाँच मुख्य र ११ सहायक गरी १६ सीमा स्तम्भ हराइरहेको सीमा सुरक्षामा खटिएको सशस्त्र प्रहरी बल बागेश्वरी गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक विमल डाँगीले जानकारी दिए ।

'नदीनाला क्षेत्रमा रहेका पिल्लर हराएका छन् । अन्य केही जीर्ण अवस्थामा छन्,' सशस्त्र प्रहरी उपरीक्षक डाँगीले भने, 'हराएका पिल्लर प्रायः राप्ती नदी आसपासका छन्, बाढीले बगाएका ती पिल्लर पुनःनिर्माण हुन नसकेको हो ।'

नरैनापुर-१ हुलासपुर्वास्थित सीमा स्तम्भ जीर्ण भई भत्किने अवस्थामा छ । बाँकेमा भारतसँग जोडिएको ६५ किलोमिटर सीमा क्षेत्रमा ३२ मुख्य र २७९ सहायक गरी ३११ सीमा स्तम्भ छन् । कुनै पनि सीमा स्तम्भको मर्मत र रंगरोगन गर्नका लागि नेपाल भारत दुवै देशको संयुक्त प्रतिनिधित्व चाहिन्छ । सीमा स्तम्भ नदीनालाले बगाएको वा ढलेको भए दुई देशको नापी विभागको संयुक्त टोली बिना केही गर्न नपाइने भएकाले सशस्त्र प्रहरी बलले सीमा स्तम्भको नियमित अनुगमन गरी सम्बन्धित निकायमा पठाउने गरेको प्रहरी उपरीक्षक डाँगीको भनाइ छ ।

दुई देशको संयुक्त निर्णयमा केही महिनाअघि सशस्त्र प्रहरीले ७१ सीमा स्तम्भ रङरोगन गरेको छ। सन् २०१४ यता बनेका १४० सीमा स्तम्भमध्ये नेपालले बिजोर नम्बर र भारतले जोर नम्बर भएका सीमा स्तम्भ रङरोगन गरेका छन् । दुई देशको संयुक्त टोलीले फाइनल गर्न बाँकी १७१ सीमा स्तम्भको मर्मत र रङरोगन हुन नसक्दा जीर्ण बनेका छन् ।

बाँकेको सीमा क्षेत्रमा भौतिक पूर्वाधार र आवश्यक जनशक्ति नहुँदा नेपालतर्फ सशस्त्र प्रहरीले सीमामा बाक्लो उपस्थिति जनाउन सकेको छैन । पैसट्ठी किलोमिटरमा सशस्त्र प्रहरीले १० बोर्डर आउट पोस्ट (बिओपी) राखेर सुरक्षा दिइरहेको छ। भारततर्फ भने २३ बिओपी रहेका छन् । नेपालतर्फ जानकी गाउँपालिकाको साइगाउँमा एउटा बिओपी थप्ने तयारी भइरहेको सशस्त्र प्रहरीले जनाएको छ ।


## कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कावासोती, नवलपरासी(ब.सु.पु.)**
**गण्डकी प्रदेश,नेपाल**
**२०७३**

### घाटगद्दी नदिजन्य पदार्थको लिलाम बिक्रीका लागि बोलपत्र (E-Bidding मात्र) आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१०**
**दोश्रो पटक प्रकाशित मितिः २०८०/११/२५**
**तेश्रो पटक प्रकाशित मितिः २०८१/०१/०२**
**बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८१/०१/१७ दिनको १२:०० बजेभित्र**

कावासोती नगरपालिका अन्तर्गत उल्लेखित स्थानमा घाटगद्दी गरि राखिएको नदिजन्य पदार्थको लिलाम बिक्री गर्ने गरी बन्दोबस्त गर्नुपर्ने भएकोले इक्षुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमका शर्तको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घ.फि.) | न्युनतम कबोल रकम (भ्याट समेत) रु. | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | RE/07/REV/ KM/2080/81 | वडा नं. ३, केरुंगे खोला किनार सिशौघारीमा भएको नदिजन्य पदार्थ डम्पिंग लिलाम बिक्रि | ६,९७,४४२.८९ | ९०,२३,८६४.८४ | कबोल अंकको (VAT सहितको रकमको) ५% | ५,०००.०० |
| २. | RE/08/REV/ KM/2080/81 | कालिका पुल मुनि वडा नं ४ ले तटबन्ध गरेको ठाउँ पछाडीको नदिजन्य पदार्थ डम्पिंग लिलाम बिक्रि | ६,७४,८४०.५० | ८७,३१,४२३.८१ | कबोल अंकको (VAT सहितको रकमको) ५% | ५,०००.०० |
| ३. | RE/09/REV/ KM/2080/81 | वडा नं. १ हात्तीखोर क्षेत्र घाँच को (पक्कि तटबन्ध पछाडी) नदिजन्य पदार्थ डम्पिंग लिलाम बिक्रि | ११,५४,९०४.२५ | १,४९,४२,७२८.६४ | कबोल अंकको (VAT सहितको रकमको) ५% | ५,०००.०० |

यस सम्बन्धी थप जानकारी www.kawasotimum.gov.np, www.bolpatra.gov.np/egp ९८४३५००७११ बाट प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**कावासोती नगरपालिका**

# नेपथ्यसँगै नाच्यो बिर्तामोड



■ प्रभाव संवाददाता

**बिर्तामोड–** लोकरक ब्याण्ड नेपथ्यले शुक्रबार डोमालाल रंगशालामा साङ्गीतिक कोशेली प्रस्तुत गरेको गरेको छ । अन्तिम साँझ मौसमी अनुकूलताका बिच ठिक साढे छ बजे कन्सर्ट प्रारम्भ भएको थियो । ब्याण्डले पूर्वी भेगबाटै सङ्कलित 'कोशीको पानी यो जिन्दगानी'बाट कार्यक्रमको थालनी गरेको थियो । नेपथ्यका अधिकांश प्रस्तुतिहरूमा मध्यतिर मात्र देखिने दर्शकहरूको चर्को उत्तेजना अनि जतातत‍ै नृत्यको दृश्य यसपाला बिर्तामोडमा भने प्रारम्भदेखि देख्न पाइयो ।

'कोशीको पानी' पछि क्रमैसँग 'भेँडाको ऊनजस्तो' र 'छेक्यो छेक्यो' सुनाएपछि नेपथ्यका गायक एवं अगुवा अमृत गुरुङले दर्शकहरूसँग संवादको थालनी गरे । 'बिर्तामोडको यो मञ्चबाट संसारभर फैलिएका नेपालीहरूलाई नयाँ वर्ष २०८१ को शुभकामना दिन चाहन्छु,' उनले दर्शकहरूतर्फ हात फैलाउँदै भने, 'भोली यो पूर्वी भेगबाट हुने सूर्योदयले हामी सबैको जीवनमा सुख र शान्ति ल्याओस् ।'

त्यसपछि अमृतले ब्याण्डको पहिलो रेकर्ड गरिएको गीत प्रस्तुत गर्ने अनुमति माग्दै 'आँगनैभरि' सुनाएका थिए । त्यसलाई 'लामपाते सुरती' र 'चरी मऱ्यो' गीतले निरन्तरता दिएको थियो । कार्यक्रम अघि बढ्दै जाँदा एक ठाउँमा अमृतले हालै मात्र रेकर्ड गरिएको 'पचासै वर्षमा जुग कहाँ पुग्यो नि' गीत गाइरहेका थिए । शुक्रबारको कन्सर्टमा अमृतले पूर्व देखि पश्चिम कुनासम्मबाट पैदल यात्रा गर्दै सङ्कलन गरेका गीतहरू प्रस्तुत गरेका थिए ।

कार्यक्रम हेर्नका निम्ति सीमावर्ती भारतीय बस्तीहरू हुँदै सिक्किम र भुटान छेउको जयगाउँ सम्मका दर्शकहरू आएका देखिन्थे । कार्यक्रमको अन्त्य भने सधैँजस्तै नेपाली राष्ट्रिय झण्डाको महिमागान् 'रातो र चन्द्रसूर्जे'बाट गरिएको थियो । कन्सर्टमा अमृतलाई ड्रमसेटमा ध्रुव लामा, बेस गितारमा सुबिन शाक्य, गितारमा निरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले सघाएका थिए ।

# नयाँ वर्षमा नेपाली चलचित्रलाई दर्शकको साथ

■ प्रभाव संवाददाता

**काठमाडौं–** नयाँ वर्षलाई लक्षित गरी हलहरूमा तीन नेपाली चलचित्र प्रदर्शनमा छन् । २०८० सालको अन्तिम दिन शुक्रबारदेखि रामबाबु गुरुङ निर्देशित 'डिग्री माइला', फिडेल देवकोटा निर्देशित 'द रेड सुटकेस' र चौथो सातामा 'महाजात्रा' प्रदर्शन भइरहेको छ ।

वितरकले दिएको जानकारीअनुसार आज तीनै चलचित्रका अधिकांश शो 'हाउसफुल' छन् । नयाँ वर्षमा दर्शकले नेपाली चलचित्र हेर्न चाहेको यसले प्रमाणित गरेको छ । डिग्री पास बेरोजगारको कथालाई प्रस्तुत गरिएको चलचित्र 'डिग्री माइला' मा अभिनेता दयाहाङ राई शीर्ष भूमिकामा हुनुहुन्छ । युवाको सपना र क्षमतालाई प्रस्तुत गरिएको नाटक 'डिग्री माइला' कै पात्रबाट प्रभावित भई चलचित्र तयार गरिएको हो । 'यो पात्रले हाम्रो समाजको धेरै पक्षलाई देखाएको छ । शिक्षा, समाज, ग्रामीण अवस्था र युवाको बेरोजगारी अवस्थालाई माइलाको पात्रमार्फत व्यक्त गरिएको छ', अभिनेता राईले भने, 'यो पात्रलाई नाटकबाट चलचित्रमा ल्याउने सपना बल्ल पुरा भयो । यो कथा धेरैसम्म पुऱ्याउनु थियो ।'

डिग्री माइलामा अभिनेता राईसँगै आँचल शर्मा, विजय बराल, बुद्धि तामाङ, माओत्से गुरुङ, प्रकाश घिमिरेलगायत कलाकारले अभिनय गरेका छन् । कलाकारहरूले हलमा पुगेर दर्शकसँग साक्षात्कार गरिरहेका छन् । प्रदर्शन गरिएको अर्को चलचित्र 'द रेड सुटकेस' मा वैदेशिक रोजगारीमा पुगेका युवाको कथा देखाइएको छ । चलचित्रमा अभिनेता बिपिन कार्की, सौगात मल्ल, प्रवीन खतिवडा, अभिनेत्री सृष्टि श्रेष्ठलगायतले अभिनय गरेका छन् ।

विमानस्थलबाट एउटा रातो सुटकेस लिएर गाउँतर्फ लाग्ने यात्रीले यात्राका क्रममा भोगेको कथालाई चलचित्रमा प्रस्तुत गरिएको लेखक तथा निर्देशक देवकोटाले बताए । 'हामीले मिथक शैलीमा नेपालको आप्रवासी परम्परा र नियतिलाई पृष्ठभूमिमा राखेर यो चलचित्रको कथा तयार गरेका छौँ', उनले भने, 'वर्तमान समयलाई दस्तावेज गरेका छौँ । यसले हाम्रो रहनसहन र खसमाजलाई देखाउँछ ।'



चौथो सातामा प्रदर्शनरत चलचित्र 'महाजात्रा' मा दर्शकको उपस्थिति घटेको छैन । प्रदीप भट्टराईको लेखन तथा निर्देशन रहेको महाजात्रामा हरिवंश आचार्य, बिपिन कार्की, वर्षा राउत, रवीन्द्रसिंह बानियाँ, रवीन्द्र झा, दिव्य देवलगायतको अभिनय छ । निर्माता दीपेश खत्रीले तीन सातामा नेपालमा १४ करोड र विदेशमा नौ करोडसहित विश्वभर २३ करोडको व्यापार (ग्रस कलेक्सन) गरेको उहाँको दाबी छ । आज १ गते तीनै नेपाली चलचित्रको शो भरिभराउ भएकाले कूल रु तीन करोड बराबरको व्यापार गर्ने अनुमान वितरकको छ ।

## रंगशाला

**एसिसी मेन्स प्रिमियर कप**

# कतारविरुद्ध ऐरीको कीर्तिमानी प्रदर्शनमा नेपाल विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिसी मेन्स प्रिमियर कपअन्तर्गतको आफ्नो दोस्रो खेलमा नेपालले कतारलाई ३२ रनले पराजित गरेको छ । ओमानको अल अमेरत क्रिकेट मैदानमा शनिबार भएको खेलमा जितका लागि २११ रनको लक्ष्य पछ्याएको कतार निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा १७८ रनमा समेटियो ।

कतारका लागि कप्तान मुहम्मद तनभिरले अर्धशतकीय पारी खेले । उनले ३३ बलमा चार चौका र छ छक्काको सहयोगमा ६३ रन बनाए । साथै मोहम्मद अहनाफले २३, हिमांशु राठोरले २२, अदनान मिर्जाले १९, कमरान खानले १८ रन बनाए । कतारका बाँकी ब्याटरले उल्लेख्य रन बनाउन सकेनन् ।

नेपालका लागि ललित राजवंशी, दीपेन्द्रसिंह ऐरी र गुलसन झाले समान दुई/दुई विकेट लिए भने कुशल मल्ल र अविनाश बोहोराले एक/एक विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा २१० रन बनाएको थियो । दीपेन्द्रसिंहको विष्फोटक ब्याटिङमा नेपालले कतारलाई जितका लागि विशाल रनको लक्ष्य प्रस्तुत गरेको थियो ।

नेपालका लागि ऐरीले कीर्तिमानी खेल प्रदर्शन गरे । उनले कतारका कमरान खानको एकै ओभरमा छ छक्का प्रहार गर्दै भारतीय क्रिकेटर युवराज सिंहको नाममा रहेको कीर्तिमानी बराबरी गरे । उन्नाइस ओभरसम्म १७४ रनको अवस्थामा रहेको नेपाल ऐरीको छ छक्काको सहयोगमा २१० रनको विशाल योगफल बनाउन सफल भएको थियो ।



युवराज सिंहले सन् २००७ को टी-२० विश्वकपमा इंल्याण्डविरुद्धको खेलमा बलर स्टुआर्ट बोर्डको ओभरमा छ छक्का प्रहार गरेका थिए । नेपालका लागि ऐरीले सर्वाधिक ६४ रन बनाए । कूल २१ बल खेलेका उनले सात छक्का र तीन चौका प्रहार गरे । साथै ओपनर आशिफ शेखले पनि अर्धशतकीय पारी खेले । उनले ४१ बलमा छ चौकाको सहयोगमा ५२ रन बनाए । कुशल मल्लले १८ बल खेल्ने क्रममा तीन छक्का र दुई चौकाको सहयोगमा ३५ रन बनाए । साथै कप्तान रोहित पौडेलले १८, कुशल भुर्तेलले १२, सन्दीप जोराले सात, गलसन झा र विवेक यादवले पाँच/पाँच रनको योगदान दिए । कतारका लागि हिमांशु राठोर र मुसावर शाहले तीन/तीन विकेट लिए भने अमीर फारुकले एक विकेट लिए ।

जितसँगै समूह 'ए'मा रहेको नेपाल अंक तालिकामा शीर्ष स्थानमा पुगेको छ । नेपालले दुई खेलमा दुई जितसँगै चार अंक बटुलेको छ । एक खेलमा एक जितका साथ हङकङ दोस्रो, दुई खेलमा एक जित र एक हारका साथ मलेसिया तेस्रो, एक खेलमा एक हारका साथ साउदी अरेबिया चौथो र दुई खेलमा दुई हारका साथ कतार पाँचौं स्थानमा छ ।

साथै, समूह 'बी' दुई खेलमा दुई जितका साथ युनाइटेड अरब एमिरेट्स (युएई)पहिलो स्थानमा छ भने दुई खेलमा एक जित र एक हारका साथ कुवेत दोस्रो स्थानमा छ । एक खेलमा एक जितका साथ ओमान तेस्रो, दुई खेलमा दुई हारका साथ बहराइन चौथो र एक खेलमा एक हारका साथ कम्बोडिया पाँचौं स्थानमा छ ।


**मिक्लाजुङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**औराबनी, मोरङ**

**कोशी प्रदेश, नेपाल**

**मिक्लाजुङ गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश**

- विहानको समयमा खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पुरै सावधानी अपनउने गरी र चुल्हो नजिक एक जना अनिवार्य बस्ने पानि बसालौ ।
- दिउँसो समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- सलाई, लाईटर, मटितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक वाल्टीन वा अन्य भाडोमा पानि २४ सै घण्टा राख्ने बानी बसालौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौ जसले गर्दा कहि आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने वानी बसालौ ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने वानी बसालौ ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुदैन भनेर सचेत गराउने गरौ ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यलयको कन्टोलको नम्बर १०० नम्वरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पति मथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसंग सहकार्य गरौ र जनधनको क्षति हुनवाट बचौ र वचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै वाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रचर, प्रथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**साथै**

**नव वर्ष २०८१** को सुखद अवसरमा सम्पूर्ण नगरबासी आमा बुवा, दाजुभाइ, दिदीबहिनी तथा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको

**शुभकामना**

व्यक्त गर्दछौं ।

**बबि कुमार राई**
अध्यक्ष

**अभय कुमार गुप्ता**
प्रमुख प्रशासकीय अधिकृत

**दिनेश पौडेल**
उपाध्यक्ष

तथा **मिक्लाजुङ गाउँपालिका** परिवार



म्यानमारको यांगुनस्थित 'थिंग्यान वाटर फेस्टिभल'मा भाग लिँदै मानिसहरू । म्यानमारको जीवन्त महोत्सव शनिबारबाट सुरु भएको हो । *तस्बिर: सिन्ह्वा*

# कंगोमा विस्थापितको सुरक्षाका विषयमा चिन्ता

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघका मानवीय सहायताकर्मीहरूले पूर्वी लोकतान्त्रिक गणतन्त्र कंगो (डीआरसी) हिंसाबाट गोमा तथा वरपर शरण लिइरहेका पाँच लाखभन्दा बढी विस्थापित व्यक्तिहरूको सुरक्षाका बिषयमा चिन्ता व्यक्त गरेका छन् । संयुक्त राष्ट्रसंघीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए)ले गोमा र वरपर विस्थापित मानिसहरूले सामना गर्ने अनिश्चित अवस्था र बढ्दो खतराहरूले चिन्ता बढाएको बताएको छ ।

उत्तरी किएभको मासिसी र रूत्सुरू क्षेत्रमा कंगोली सेना र सशस्त्र समूहबीचको झडपबाट भागेर पाँच लाखभन्दा बढी मानिसहरू वरपरका स्थानमा विस्थापितका रूपमा रहेको ओसिएचएले जनाएको छ । गत मार्चको सुरुदेखि गोमालगायतका स्थानमा गोलाबारी र आकस्मिक विस्फोटका घटनामा आठ जनाको मृत्यु भएको छ भने ३४ जना घाइते भएका छन् । पूर्णरूपमा विस्थापित मानिसहरूलाई बढ्दो जोखिममा पार्दै शिविरभित्र हतियारको उपस्थिति प्रयोगसमेत बढेको ओसिएचएले जनाएको छ । नागरिकहरूलाई नजोगाएको गुनासो गर्दै कंगो सरकारले देशमा तैनाथ संयुक्त राष्ट्रसंघीय अभियानका शान्ति रक्षकहरूलाई फिर्ता हुन आग्रह गरेको छ । *रासस/सिन्ह्वा*

# पाकिस्तानी विद्रोहीको आक्रमणमा ११ जनाको मृत्यु

**क्वेटा (पाकिस्तान)–** पाकिस्तानको दक्षिणपश्चिमी क्षेत्रमा बन्दुकधारीले ११ जनाको हत्या गरेको अधिकारीहरूले शनिबार बताएका छन् । स्थानीय समयअनुसार शुक्रबार राति ८ बजेतिर बलुचिस्तान प्रान्तको नौस्की सहरनजिकै छ जना बन्दुकधारीले एउटा बस रोकेर परिचयपत्र जाँच गरी पञ्जाबको पूर्वी क्षेत्रका नौ जना कामदारलाई अपहरण गरेको प्रहरीले जनाएको छ ।

स्थानीय प्रहरीका वरिष्ठ अधिकारी अल्लाह बख्शले एएफपीसँग भने, 'राजमार्गबाट दुई किलोमिटर टाढा गोली लागेको अवस्थामा उनीहरूको शव फेला परेको थियो ।' आक्रमणकारीले पछि प्रान्तीय सांसदको कारलाई लक्षित गरी गोली चलाएको बख्शले बताए । गोली चल्दा गाडीमा सांसद नरहेको बुझिएको छ । आक्रमणपछि कार सडक नजिकैको खाल्डोमा खस्दा दुई जनाको मृत्यु भएको हो ।



नौश्की जिल्ला प्रशासनका वरिष्ठ अधिकारी हबिबुल्लाह मुसाखाइलले एएफपीसँग भने, 'प्रहरी र अर्धसैनिक बलले आक्रमणकारीलाई पक्राउ गर्न त्यस क्षेत्रमा खोजी कार्य सुरु गरेका छन् तर आक्रमणकारीहरू यसपटक त्यस क्षेत्रबाट भाग्न सफल भएका छन् ।' बख्शले बन्दुकधारीहरूले 'बलोच पृथकतावादीहरूको कार्यप्रणाली स्पष्ट रूपमा प्रयोग गरेको' र आक्रमणको पछाडि कसको हात थियो भन्ने पुष्टि गर्न अनुसन्धान सुरु गरिएको बताए । पाकिस्तानको सबैभन्दा ठूलो तर गरिब प्रान्त बलुचिस्तानमा जातीय पृथकतावादीहरूले दशकौं लामो विद्रोह गर्दै आएका छन् ।

लडाकुहरूले विगतमा पाकिस्तानका अन्य स्थानका जातीय पञ्जाबी र सिन्धीहरूलाई लक्षित गरेका थिए, साथै विदेशी ऊर्जा फर्महरूले यस क्षेत्रको धनको साझेदारी नगरी यस क्षेत्रको दोहन गरिरहेको उनीहरूको भनाइ छ । पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले शुक्रबार राति भएको आक्रमणलाई 'आतंकवादको घटना' को संज्ञा दिँदै 'सहजकर्तालाई दण्डित गरिने' बताएका छन् । गत वर्ष अक्टोबरमा बन्दुकधारीले निजी आवास निर्माण गरिरहेका छ जना पञ्जाबी मजदुरको हत्या गरेका थिए । गत महिनाको अन्त्यतिर यस क्षेत्रमा चीनको लगानीको आधारशिला मानिएको बन्दरगाहको कार्यालयमा आक्रमण गर्ने क्रममा आठ जना बलोच लडाकु मारिएका थिए ।

आक्रमणको क्रममा दुई जना पाकिस्तानी सैनिकको मृत्यु भएको सेनाको जनसम्पर्क शाखाले जनाएको छ । पाकिस्तानी सुरक्षा बल पृथकतावादीहरूको सबैभन्दा बढी निशानामा परेको छ । बलोच लडाकुले आफ्नो समुदायलाई उनीहरूको प्रतिरोधको बदलाको रूपमा गैरन्यायिक हत्या र बेपत्ता पार्ने गरेको दाबी गर्छन् । *रासस/एएफपी*

# सिड्नीको सपिङ सेन्टरमा आक्रमण, ६ जनाको मृत्यु




सिड्नी– सिड्नीको एउटा व्यस्त सपिङ सेन्टरमा चक्कु बोकेको एक हमलाकारीले आक्रमण गर्दा नौ महिनाको शिशुसहित छ जनाको मृत्यु भएको छ भने अन्य धेरै घाइते भएका छन् ।

अज्ञात हमलाकारीले धेरै मानिसमाथि छुरा प्रहार गरेको र उसलाई पत्ता लगाएर एक महिला प्रहरीले गोली हानी उसको हत्या गरेको अस्ट्रेलियाली प्रहरीले बताएको छ । ती महिलालाई राष्ट्रिय नायकका रूपमा प्रशंसा गरिएको छ ।

घटना विशाल वेस्टफिल्ड बन्डी जंकसन मल परिसरमा भएको थियो । उक्त मल शनिबार दिउँसो हजारौं खरिदकर्ताहरूको भीडले भरिएको थियो । न्यु साउथ वेल्सका प्रहरी आयुक्त क्यारेन वेबले पाँच महिला र एक पुरुषको मृत्यु भएको जानकारी दिए । उनका अनुसार एक बालकको आपत्कालीन शल्यक्रिया भइरहेको थियो ।

प्रहरीले हमलाकारी ४० वर्षीय व्यक्ति रहेको बताएको छ । यद्यपि अहिलेसम्म उसको औपचारिकरूपमा पहिचान गर्न सकिएको छैन । हमला आतंकवादी कार्य थियो भन्ने कुरालाई वेबले अस्वीकार गर्दै हमलाकारी एक्लैले यस्तो कार्य गरेको मान्न सकिने बताए । 'यदि यो हामीले विश्वास गर्ने व्यक्ति हो भने यो आतंकवादी घटना होइन,' उनले भने ।

न्यु साउथ वेल्स एम्बुलेन्सका प्रवक्ताले आठ घाइतेलाई सिड्नीका विभिन्न अस्पतालमा पुर्‍याइएको जानकारी दिए । तीमध्ये एक बालकलाई सहरको बाल अस्पतालमा लगिएको थियो । प्रवक्ताले भने, 'सबैलाई गम्भीर चोट लागेको छ ।'

सुरक्षा क्यामराको फुटेजमा अस्ट्रेलियाली रग्बी लिगको जर्सी लगाएका एक व्यक्तिलाई चक्कु लिएर सपिङ सेन्टरको चारैतिर दौडिरहेको देखाइएको छ । रगतले लतपतिएका घाइतेहरू भुइँमा लडिरहेका थिए ।

प्रत्यक्षदर्शीहरूले आतंकको दृश्य वर्णन गरेका छन् । उनीहरूका अनुसार पसलहरू सुरक्षाका लागि दौडिरहेका थिए भने प्रहरीले उक्त क्षेत्रलाई सुरक्षित पार्ने प्रयास गरिरहेको थियो । केही मानिसले स्वयंलाई र आफ्ना परिवारलाई डरलाग्दो अपरिचितबाट बचाउन पसलहरूमा शरण लिइरहेका थिए । *रासस/एएफपी*


## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : BERKELEY SERVICES U A E (LLC)**

पूर्व स्वीकृति मिति २०८०/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०२ | LT. No. 291973 | चलानी नं. ६०२०७१४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 142 | 800 | २९,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Male Cleaner | 243 | 0 | 800 | २९,०७० | | | | | | | |
| 3 | Male Security Guard | 50 | 0 | 1200 | ४३,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: बाँके, नेपालगंज, स्वस्तिक कटेज एण्ड गार्गेन रेस्टुरेन्ट-१२ मा मिति: २०८१ वैशाख ९ गते (21 April 2024) मा हुनेछ ।
रुपन्देही, बुट्वल, एसिया पार्टी प्यालेस, मिलनचोकमा मिति: २०८१ वैशाख १० गते (22 April 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ११ गते (23 April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Proficient Employment Services Pvt.Ltd** — श्रम ईजाजत नं. १५८२/०७९/८०

KMC-26, Samakhushi, KTM, Contact: 977-5918725/4970500/4970600



## भोक्राहा नरसिंह गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, मोरङ
कोशी प्रदेश, नेपाल

### भोक्राहा नरसिंह गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- विहानको समयमा खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पुरै सावधानी अपनउने गरी र चुल्हो नजिक एक जना अनिवार्य बस्ने पानि बसालौ ।
- दिउँसो समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- सलाई, लाईटर, मटितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक वाल्टीन वा अन्य भाडोमा पानि २४ सै घण्टा राख्ने बानी बसालौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौ जसले गर्दा कहि आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने वानी बसालौ ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने वानी बसालौ ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुदैन भनेर सचेत गराउने गरौ ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यलयको कन्टोलको नम्बर १०० नम्वरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पति माथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसंग सहकार्य गरौ र जनधनको क्षति हुनवाट बचौ र वचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै वाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रचर, प्रथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

साथै

**नव वर्ष २०८१** को सुखद अवसरमा सम्पूर्ण नगरबासी आमा बुवा, दाजुभाइ, दिदीबहिनी तथा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको

**शुभकामना**

व्यक्त गर्दछौं ।

**अजमल अख्तर मियाँ**
अध्यक्ष

**सुनिता कुमारी उराँव**
उपाध्यक्ष

**सुवर्ण घिमिरे**
प्रमुख प्रशासकीय अधिकृत

तथा **भोक्राहा नरसिंह गाउपालिका परिवार**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १३९००० | प्रति तोला - १३८३५० | प्रति तोला - १७५०



**नाला गुम्बामा आन्तरिक पर्यटक** | काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका-१ स्थित धाग्पो शेडुप लिङ (नाला गुम्बा)मा नयाँ वर्षको पहिलो दिन शनिबार घुम्न पुगेका आन्तरिक पर्यटक । *तस्बिरः पेमा लामा/रासस*

# ठमेल र दरबारमार्ग चौबिसै घण्टा खुला

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** संघीय राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेल र दरबारमार्ग क्षेत्र नयाँवर्ष देखि २४ सै घण्टा खुला भएको छ ।उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको निर्देशनपछि जिल्ला प्रशासन कार्यालय काठमाडौंले आचारसंहिता निर्माण गरि उक्त क्षेत्रलाई नयाँ वर्ष वैशाख १ गतेदेखि २४ सै घण्टा सञ्चालन गर्न लागेको हो ।

काठमाडौँका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले ठमेल र दरबारमार्ग क्षेत्रलाई सुरक्षित बनाउन भरपर्दो सुरक्षा व्यवस्था मिलाइएको बताए । उनले शनिबारदेखि ठमेल र दरबारमार्ग क्षेत्रलाई पूर्ण समय व्यवसाय सञ्चालन गर्नेगरी रात्रिकालीन व्यवसाय सञ्चालन गर्ने तयारी गरेकाले सोहीअनुसारको सुरक्षा व्यवस्था सुदृढ बनाइएको बताए ।

'जिल्ला सुरक्षा समितिले रात्रिकालीन समयमा मनोरञ्जनात्मक व्यवसायको लागि विभिन्न समय तोकेर खुला राखेको अवस्था रहेपनि अब सबै किसिमका व्यवसाय सञ्चालन गर्नेगरी बजार खुला रहन्छ,'- उनले भने । ठमेल र दरबारमार्ग क्षेत्रमा पूर्ण समय व्यवसाय सञ्चालन गर्नेगरी 'आचारसंहिता तथा मापदण्ड-२०८० स्वीकृत गरेको उनको भनाई छ ।

प्रमुख जिल्ला अधिकारी बस्नेतले आचारसंहितामा व्यवसायीले पालना गर्नुपर्ने आचारसंहिता, उपभोक्ताले पालना गर्नुपर्ने आचारसंहिता, स्थानीय बासिन्दाको अधिकार, दायित्व र सुरक्षा संयन्त्रले सुरक्षा प्रदान गर्नका लागि अवलम्बन गर्नुपर्ने विधि, प्रक्रिया उल्लेख गरिएको छ ।

ठमेल र दरबारमार्ग क्षेत्रलाई सञ्चालन गर्नका लागि तयार गरिएको विशेष सुरक्षा योजना भित्र पर्यटक प्रहरीलाई अझै व्यवस्थित र प्रभावकारी बनाइनेछ। ठमेलभित्र व्यवसायी मात्रै नभई स्थानीय बासिन्दाको पनि बसोबासको क्षेत्र भएकाले स्थानीयलाई कुनै असर नपर्नेगरी व्यवस्था मिलाइएको छ ।

रात्रिकालिन मनोरञ्जनात्मक व्यवसायका क्रममा हुने ध्वनि प्रदुषणलाई नियन्त्रण गर्नेलगायत आचारसंहिता तयार गरिएकोछ । उनले भगवान्वहाल क्षेत्रमा स्थानीयको बसोबास भएकाले सो स्थानमा यस्ता कार्यक्रम गर्न रोक लगाइएको बताए ।

ठमेल र दरबारमार्ग क्षेत्रमा २४ सै घण्टा व्यवसाय सञ्चालन स्थानका शौचालयलाई निश्चित संकेत दिएर प्रयोग गर्न पाउने व्यवस्था मिलाइएको छ। यातायातका साधनको अभाव हुन नदिन नगरबस, ट्याक्सी, अनलाईन सवारी साधानको व्यवस्थापनमा लागिएको प्रजिअ बस्नेतले बताए । यसैगरी, पार्किङ व्यवस्थापन, आन्तरिक सुरक्षालगायतको व्यवस्था मिलाइएको छ । ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भविश्वर शर्माले ठमेल र दरबारमार्गको अर्थतन्त्रलाई चलायमान बनाउनका लागि उक्त बजारलाई २४ सै घण्टा खुला गर्न लागिएको बताए । उनले व्यवसायको पाटोबाट गर्नुपर्ने आन्तरिक तयारी पुरा भएको उल्लेख गरे ।

दरबारमार्ग विकास बोर्डका संयोजक सञ्जय अधिकारीले २४ सै घण्टा बजार खुल्ने कुराले अन्तर्राष्ट्रिय स्तरमा सकारात्मक सन्देश जाने विश्वास व्यक्त गरे । उपप्रधानमन्त्री एवम् गृहमन्त्री लामिछानेको प्रमुख आतिथ्यतामा विभिन्न सुरक्षा निकायका प्रमुख तथा विशिष्ट व्यक्तिको उपस्थितिमा शनिबार एक कार्यक्रम आयोजना गरी उक्त क्षेत्र चौबिसै घण्टा खुला राख्ने घोषणा भएको छ ।

# पर्यटन राजधानी पोखरामा नयाँ वर्षको भव्य स्वागत

**कास्की (प्रस)-** देशको पर्यटकीय राजधानी पोखरामा नेपाली नयाँ वर्षको भव्य स्वागत गरिएको छ । यहाँस्थित प्रमुख पर्यटकीय गन्तव्य फेवाताल किनारबाट शुक्रबार मध्यरातमा नयाँ वर्षको स्वागत गरिएको हो ।

नयाँ वर्ष विसं २०८१ को स्वागत तथा विसं २०८० को बिदाइका लागि लेकसाइडमा आन्तरिक तथा बाह्य पर्यटकको ठूलो भीड लागेको थियो। आतशबाजीसहित विभिन्न सांस्कृतिक कार्यक्रम गरेर सडकबाटै नयाँ वर्षलाई स्वागत गरिएको थियो।

होटल सङ्घ पोखराले नेपाली नयाँ वर्ष मनाउनका लागि लेकसाइडको साढे तीन किलोमिटर सडकमा नववर्ष महोत्सव आयोजना गरेको थियो । महोत्सवमा रमाउँदै स्वदेशी तथा विदेशी पर्यटकले नयाँ वर्षलाई भव्य स्वागत गरेका हुन् ।

नयाँ वर्षको स्वागतका लागि राति अबेरसम्म पर्यटक लेकसाइडमा भरिभराउ थिए । नयाँ वर्ष मनाउन पोखरामा केही दिनदेखि पर्यटकको बाक्लो चहलपहल बढेको थियो । गत चैत २९ गतेदेखि सुरु नववर्ष महोत्सव सकिएको छ ।

होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले फेवाताल किनारबाट नेपाली नयाँ वर्षको भव्य स्वागत गरिएको बताए । नेपाली नयाँ वर्षलाई धुमधामका साथ मनाउने उद्देश्यले आयोजित महोत्सवबाट आन्तरिक तथा बाह्य पर्यटक आकर्षित भएका उनको भनाइ छ ।

अध्यक्ष सुवेदीले भने, 'देशको पर्यटकीय राजधानी पोखरामा भव्य रूपमा नयाँ वर्षको स्वागत गरेका छौँ । हजारौँ स्वदेशी तथा विदेशी पर्यटकले खुसी साट्नुभएको छ । अहिले नयाँ वर्ष मनाउने प्रमुख गन्तव्य पोखरा बनेको छ ।' नयाँ वर्ष तथा विभिन्न बिदाका कारण पनि पोखरा घुम्न आउने आन्तरिक पर्यटकको संख्या वृद्धि भएको र भारतीय पर्यटकको आगमन पनि बढेकाले उनले बताए ।

पर्यटन चहलपहल बढेसँगै व्यापार व्यवसाय पनि वृद्धि भएको अध्यक्ष सुवेदीले जानकारी दिए। पोखरामा तेस्रो मुलुकका पर्यटक पनि उल्लेख्य बढेका छन् । नववर्ष महोत्सवकै कारण पर्यटक आगमन बढेको उनको भनाइ छ ।

नेपाली नयाँ वर्षलाई उत्लासमय बनाउँदै पर्यटन, संस्कृति र खानालाई विशेष जोड दिएर महोत्सव आयोजना गरिएको आयोजकले जनाएको छ। महोत्सवमा परम्परागत नेपाली खानाको प्रवर्द्धन, सांस्कृतिक झाँकीका कार्यक्रम, लोकदोहोरी र प्रख्यात कलाकारबाट पप कन्सर्ट, स्थानीय कलाकारद्वारा विभिन्न सांस्कृतिक नृत्य, हाँस्यव्यङ्ग्य प्रहसन र पर्यटक दौड प्रतियोगितालगायत रहेका छन् ।

# नयाँ वर्षमा बन्दीपुरमा सडक खाना महोत्सव सुरू



■ **प्रभाव संवाददाता**

**दमौली (तनहुँ)-** नेपाली नयाँ वर्षको अवसरमा तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा शुक्रबारदेखि सडक खाना महोत्सव सुरु भएको छ। बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि बन्दीपुर पर्यटन विकास समिति, क्षेत्रीय होटल सङ्घ, तनहुँ उद्योग वाणिज्य संघ बन्दीपुर इकाइ र रेबान तनहुँको संयुक्त आयोजनामा सडक खाना महोत्सव सुरु भएको हो । महोत्सव आगामी वैशाख २० गतेसम्म सञ्चालन हुनेछ ।

नयाँ वर्षलाई जिल्लाभित्रै बसेर स्वागत गर्न र बन्दीपुरको पर्यटन प्रवर्द्धन गर्ने प्रमुख लक्ष्यसहित सडक खाना महोत्सव आयोजना गरिएको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले बताए । सडक खाना महोत्सवका अवसरमा विविध जातजातिका सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिनेछ । मगर, नेवार, गुरुङ, ब्राम्हणलगायत अन्य जातजातिका सांस्कृतिक नाचलाई सडक खाना महोत्सवमा समावेश गरिएको प्रधानको भनाइ छ ।

आन्तरिक पर्यटकको अलवा बन्दीपुरमा विदेशी पर्यटकको पनि उत्तिकै भीड हुन्छ । यहाँ विशेषगरी चिनियाँ पर्यटकको संख्या बढी छ । नेपाल आएका अधिकांश पर्यटक एक रात बस्नका लागि बन्दीपुर आउने गरेका छन् । यसवर्ष बन्दीपुरमा २६ देशबाट पर्यटक आएको तथ्याङ्क छ । बन्दीपुरमा जापान, चीन, इटाली, स्पेन, नेदरल्याण्ड, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अष्ट्रेलिया, बेलायत, आयरल्याण्ड, दक्षिण कोरिया, बेल्जियम, थाइल्याण्ड, ताइवान, स्वीटजरल्याण्ड, मलेसिया, होल्याण्ड, पोर्चुगल, चेक रिपब्लिक, इरान, भारत, ग्रिस र अर्जेन्टिनाका पर्यटक आएको जनाइएको छ ।

बन्दीपुरमा आयोजना हुने सडक खाना महोत्सवले यहाँको पर्यटनमा टेवा मिल्ने बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताए । बन्दीपुर घुम्न आउने पर्यटकलाई पर्यटकीय गन्तव्यसम्म सहज पहुँच स्थापना गर्न बन्दीपुर गाउँपालिकाले १७ पर्यटकीय गन्तव्यको सूची सात भाषामा तयार गरेपछि पर्यटकलाई थप सहज भएको छ । गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाका अनुसार गन्तव्यबारे जानकारीहरू नेपाली, अङ्ग्रेजी, चाइनिज, जापानिज, कोरियन, फ्रेन्चलगायतका भाषामा तयार पारिएको छ ।

बन्दीपुरको थानीमाई मन्दिर, मणि मुकुन्देश्वरी पर्खाल (मिनी ग्रेटवाल), विन्ध्यवासिनी मन्दिर, पद्य पुस्तकालय, पातलेद्वार गुफा, पहाड पानी, सहिद स्मारक पार्कलगायतका १७ पर्यटकीय गन्तव्यको सूचना फरक-फरक भाषामा तयार भएको छ ।

सदरमुकाम दमौलीबाट १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । जहाँबाट मनोरम हिमशृंखला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धवलागिरिलगायतका हिमशृंखला देखिने भएकाले यहाँ पुग्ने जोकसैको मन लोभिने गर्दछ ।

बन्दीपुरमा होटल सङ्घसँग आबद्ध साना-ठूला गरी ७७ होटल सञ्चालनमा छन् । बन्दीपुरमा ग्रिनपार्क, होटल दरबार हिमालय फेवा, गामघर, वोल्डइन, बन्दीपुर माउण्टेन रिसोर्ट, बन्दीपुर प्यालेस, मगर भिजेललगायत होटल सञ्चालन छ ।

## कर्पोरेट

### मानुषी लघुवित्तको पाँचौं वार्षिक साधारणसभा सम्पन्न



**काठमाडौं (प्रस)-** मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको पाँचौं वार्षिक साधारण सभा शुक्रबार होटल उग्रचण्डी, बनेपामा सफलता पूर्वक सम्पन्न भएको छ । साधारण सभामा संचालक समितिका तर्फबाट अध्यक्ष पद्मासना शाक्यद्वारा प्रस्तुत कम्पनीको वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित भएको छ ।

उक्त सभामा संस्थाकी प्रमुख कार्यकारी अधिकृत शोभा बज्राचार्यले स्वागत मन्तव्य व्यक्त गर्दै संस्थाको समग्र अवस्था तथा प्रगतिबारे प्रकाश पारिन् । साथै सभाका सहभागीहरूले राखेको जिज्ञासाको जवाफ पनि दिएकी थिइन् । सभाले आ.व. २०८०/०८१ को लागि बाह्य लेखापरीक्षकको नियुक्तिको प्रस्ताव समेत पारित गरेको छ ।

स्थापनाको पाँच वर्ष पूरा गरेको संस्थाले गत आ.व. सम्ममा १४ वटा जिल्लामा ३६ वटा शाखा मार्फत ३४२४९ जना सदस्यहरूमा सेवा प्रदान गर्दै आएको छ ।

### कुमारी बैंकको आइफोन १५ जित्ने नयाँ वर्ष अफर

**काठमाडौं (प्रस)-** कुमारी बैंकले आफ्ना ग्राहकहरूका लागि डिजिटल बैंकिङ्ग अनुभवको अभिवृद्धि गर्नेका लागि एफवान सफ्ट इन्टरनेशनलसँगको सहकार्यमा नयाँ अभियान 'नयाँ वर्ष २०८१ जितौं आईफोन १५ एक्कासी' सुचारु गरेको छ । यस अभियान अन्तर्गत कुमारी बैंकका नयाँ तथा पुराना ग्राहकहरूले कुमारी स्मार्ट एप प्रयोग गरी रु°°.५०० को टपअप र कुनैपनि एउटा डाटाप्याक खरिद गर्दा एक भाग्यशाली ग्राहकले ब्रान्ड न्यु आईफोन १५ जित्न सक्नेछन् ।

यस अभियानमा सहभागी हुनका लागि ग्राहकले आफ्नो नजिकैको शाखाबाट मोबाइल बैंकिङ्गमा दर्ता गर्न सक्नेछन् । साथै यो अभियानको अवधि वैशाख १ देखि वैशाख ३१ सम्म रहेको छ। नेपाली वित्तीय बजारमा आधुनिक बैंकिङ्ग सेवाहरू उपलब्ध गराउने उद्देश्यले कुमारी बैंक लिमिटेड २०५७ चैत २१ गतेबाट बैंकिङ्ग कारोबार सुरु गर्दै नेपालको पन्ध्रौं




वाणिज्य बैंकको रूपमा अस्तित्वमा आएको हो । कुमारी बैंक लिमिटेडले ३०२ शाखा, ५० वटा एक्सटेन्सन काउन्टर र ६७ वटा शाखारहित बैंकिङ्ग एकाइहरू सहित देशका विभिन्न शहरी, अर्धशहरी तथा ग्रामीण भेगमा अवस्थित ४१६ पोइन्टहरू मार्फत आधुनिक बैंकिङ्ग सेवाहरू उपलब्ध गराउँदै आएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ